लेखापरीक्षण प्रतिवेदन

दमक नगरपालिका, झापा

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

दमक नगरपालिका, झापा

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि

(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य

(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता

(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/235

विषयः **लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू,
दमक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
झापा ।

कैफियतसहितको राय

हामीले **दमक नगरपालिका**को आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदन, बजेट तुलानात्मक वितरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। नगरपालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.३४ करोड ९१ लाख १ हजार, पर्यटन पूर्वाधार विकासको रु.१४ लाख ६७ हजार र एकिकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. १ करोड १ लाख ९१ हजार समेत गरी रु.३६ करोड ७ लाख ९१हजार समावेश गरेको छैन।

२. नगरपालिकाको रु.३ अर्व १६ करोड २२ लाख १ हजार लेखापरीक्षण गरिएकोमा रू. ५ करोड ६ लाख ६७ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु. १ करोड ५ लाख ५९ हजारको प्रतिक्रियाबाट फछ्र्यौट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रू. ३० लाख २२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड २१ लाख ५२ हजार नियमित गर्नुपर्ने रु. १ करोड ४६ लाख ४९ हजार र पेस्की बाँकी रु. २ लाख ८५ हजार रहेको छ। गत वर्षसम्म रु.२९ करोड ५५ लाख ६८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.३३ करोड ५६ लाख ७६ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने **दमक नगरपालिका**सँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी **दमक नगरपालिका** व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(बालकृष्ण थापा)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
८६	२४३	५,०६,६७,१५२	१	३९	१,०५,५९,०२५	०	८५	२०४	४,०१,०८,१२८	३०,२२,१५८	१,४६,४८,६४६	२,२१,५२,३२४	०	०	३,६८,००,९६८	२,८५,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
झापा	३०७८५३०००		१२२८४५८१	२९५५६८४१९	०	४,०१,०८,१२८	३३५६७६५४७

बेरुजु सम्परीक्षणको विवरण

क.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	१०४.३	सामाजिक सुरक्षा	४,०००
२	२०८०/८१	६२	सरस्वती माध्यमिक विद्यालय	७५,००,०००
३	२०८०/८१	९२.१	विद्यालयलाई प्रति विद्यार्थी अनुदान	२३,७००
४	२०८०/८१	९०	बैठक भत्ता	७०,५५०
५	२०८०/८१	९५	प्रदेश शशर्त कार्यक्रम	४१,०००
६	२०८०/८१	८०	न्यायिक समिति फिल्ड भत्ता	१,७९,३५०
७	२०८०/८१	५०	नवीकरण शुल्क	१५,०००

८	२०८०/८१	५३	जडिबुटी कवाडी कर	२५,५००
९	२०८०/८१	८६	छाता खरिद	५२,८८४
१०	२०८०/८१	४७	क्रसर उद्योग	१,००,०००
११	२०८०/८१	९९	कार्यसम्पन्न प्रतिवेदन	१५,६१,२९८
१२	२०८०/८१	१००	कार्य सम्पन्न प्रतिवेदन	६,६३,५१८
१३	२०८०/८१	७९	करार कर्मचारीलाई संचयकोष थप	१,७१,६४६
१४	२०८०/८१	४८	असुली गर्न बाँकी आन्तरिक आय	१,५०,५७९
१५	२०७९/८०	७२	हेभी इक्युपमेन्टको प्रयोग	१७,५४,५७६
१६	२०७९/८०	६२	सोझै खरिद	६,९८,०००
१७	२०७९/८०	५१	माग वेगर ग्रभेल कार्यको भुक्तानी	९९,४४०
१८	२०७९/८०	२०	तहवृद्धि	६,९५०
१९	२०७९/८०	६९	कार्यालयको काम उपभोक्ता समिति मार्फत गराएको	१६,०९,२४७
२०	२०७९/८०	२३	करारको कर्मचारीलाई महगी भत्ता	१९,२०,०००
२१	२०७९/८०	९२	इन्सोरेन्स रकम बढी भुक्तानी	११,०७८
२२	२०७९/८०	५७	अन्य निकायको खर्च	२५,००,०००
२३	२०८०/८१	३	वित्तीय विवरण परीक्षण	०
२४	२०७९/८०	१२	करारमा नियुक्ति	३६,८५,२९०
जम्मा				२,२८,४३,६०६

(८०११२४०४३०० - दमक नगरपालिका, झापा)

परिचय

१ **परिचय**

(क) परिचय :-स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १० वडा ७५.८५ वर्ग किलोमिटर क्षेत्रफल तथा १ करोड ७ लाख २२ जना जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस पालिकाको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस पालिकाको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।८।४ देखि २०८१ ।८।१२ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग मिति २०८१।८।१२ मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय – व्ययतर्फ रु. ३१६२२०१०३०.५९ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ५८,२५०/-असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	पारिश्रमिक कर	३७५००.००
२	वहाल कर	१५००
३	बैठक भत्ता	१९२५०
जम्मा		५८२५०

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ:

आर्थिकसङ्केत	विवरण	चालुआ.ब.को कारोबार		गतआ.ब. को कारोबार	
		नगद	जम्मा	नगद	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति				
११०००	कर	२७,२७,३०,७६६.५५	२७,२७,३०,७६६.५५	२५,७३,५२,७०७.८६	२५,७३,५२,७०७.८६
१३०००	अनुदान	८४,४९,९६,५४९.०३	८४,४९,९६,५४९.०३	७४,००,४१,०९१.८४	७४,००,४१,०९१.८४
१४०००	अन्यराजस्व	११,०७,९७,७९४.६३	११,०७,९७,७९४.६३	८,०६,६९,४५७.०२	८,०६,६९,४५७.०२
१५०००	विविधप्राप्ति	२,०२,७९६.५०	२,०२,७९६.५०	२५,८५,९२४.२५	२५,८५,९२४.२५
क	कुल जम्माप्राप्ति	१,२२,८७,२७,९०६.७१	१,२२,८७,२७,९०६.७१	१,०८,०६,४९,१८०.९७	१,०८,०६,४९,१८०.९७
३	चालु	६७,०३,३५,८१५.६८	६७,०३,३५,८१५.६८	६५,००,७२,२४०.२९	६५,००,७२,२४०.२९
२१०००	पारिश्रमिक / सुविधा	२८,६५,१३,८६३.३१	२८,६५,१३,८६३.३१	२९,४६,६८,६६१.५४	२९,४६,६८,६६१.५४
२२०००	मालसामान तथा सेवाको उपयोग	३१,०८,०८,१४३.९९	३१,०८,०८,१४३.९९	२५,०६,४२,०२८.०९	२५,०६,४२,०२८.०९
२५०००	सहायता (Subsidy)	९७,१८,५५७.००	९७,१८,५५७.००	३,७६,७६,८३४.३८	३,७६,७६,८३४.३८
२६०००	अनुदान	३,९८,५३,८२६.००	३,९८,५३,८२६.००	२७,५३,६६०.००	२७,५३,६६०.००
२७०००	सामाजिकसुरक्षा	२,१७,५६,६०३.३८	२,१७,५६,६०३.३८	५,९९,०६,९७६.०५	५,९९,०६,९७६.०५
२८०००	अन्य खर्च	१६,८४,८२२.००	१६,८४,८२२.००	४४,२४,०८०.२३	४४,२४,०८०.२३
४	पूंजीगत	५४,२२,९८,३९५.६९	५४,२२,९८,३९५.६९	४४,४९,१३,७६६.१९	४४,४९,१३,७६६.१९
३१११०	भवन तथासंरचना	५,९७,३७,०१५.००	५,९७,३७,०१५.००	१३,६६,९३,२६१.१५	१३,६६,९३,२६१.१५
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	१,७२,३७,५९०.००	१,७२,३७,५९०.००	२,७७,०४,९६५.००	२,७७,०४,९६५.००
३११३०	अन्यपूँजीगत खर्च	१,०४,३१,४९२.००	१,०४,३१,४९२.००	७७,४३,७१५.००	७७,४३,७१५.००
३११४०	सुरक्षाउपकरण	८७,०१०.००	८७,०१०.००	०	०
३११५०	सार्वजनिकनिर्माण	४४,५८,४७,३७२.६९	४४,५८,४७,३७२.६९	२५,८७,४३,६२४.०४	२५,८७,४३,६२४.०४
३११६०	निर्मितसरचनाकोसुधार खर्च	९,४२,५००.००	९,४२,५००.००	८,९१,३५७.००	८,९१,३५७.००
३११७०	पूँजीगतसुधार खर्च	८०,१५,४१६.००	८०,१५,४१६.००	१,३१,३६,८४४.००	१,३१,३६,८४४.००
५	वित्तीय	०	०	०	०
ख)	कुल जम्माभुक्तानी	१,२१,२६,३४,२११.३७	१,२१,२६,३४,२११.३७	१,०९,४९,८६,००६.४८	१,०९,४९,८६,००६.४८
ग)	बचत /कमी (ग = क-ख)	१,६०,९३,६९५.३४	१,६०,९३,६९५.३४	(१,४३,३६,८२५.५१)	(१,४३,३६,८२५.५१)
घ)	धरौटी, आकस्मिक	(३,७५,८९,२६३.८१)	(३,७५,८९,२६३.८१)	६,०९,७३,१८४.५१	६,०९,७३,१८४.५१

	कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)				
घ.१)	कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी			(२,५४,६३७.७५)	(२,५४,६३७.७५)
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	(२,१४,९५,५६८.४७)	(२,१४,९५,५६८.४७)	४,६६,३६,३५९.००	४,६६,३६,३५९.००
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात	२३,३६,४५,३५९.२९	२३,३६,४५,३५९.२९	१८,७०,०९,०००.२९	१८,७०,०९,०००.२९
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन	०	०	०	०
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	२१,२१,४९,७९०.८२	२१,२१,४९,७९०.८२	२३,३६,४५,३५९.२९	२३,३६,४५,३५९.२९

३ **वित्तीय विवरण परीक्षण**

(क) वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्दछ । तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ३४९१०१४०९, पर्यटन पूर्वाधारको रु. १४६७३०० र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. १०१९१२५३ समेत गरी रु. ३६०७५९९६२ एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा. नं.२७०) मा समावेस गरेको छैन । पालिकामा हुने सवै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

• पालिकाले यस बर्ष वित्तीय व्यवस्था तर्फ रु. ११०८८५३.११ ब्याज भुक्तानी बापतको खर्च लेखेकोमा सोको लेखाङ्कन पूँजीगत खर्च तर्फ गरेको छ । वित्तीय व्यवस्थाको छुट्टै लेखाङ्कन गर्नुपर्दछ ।

• पालिकाको आम्दानी प्रतिवेदनको राजश्व संकेत ३३३६६ दहत्तर बहत्तर शूल्कमा आम्दानी रु. १२४६२४४८.२ देखाएकोमा वित्तीय प्रतिवेदन (२७०-५) मा कोषमा संकलन भएको रकम रु. २५२७१२५६ देखिएको छ ।

• पालिकाको कोष लगायतको हिसाबमा प्राप्ति भन्दा भुक्तानी बढी भएकोले गत बर्षको कोष मौज्दातबाट रु. ३७५८९२६६.८१ खर्च भएको देखिएको छ ।

• पालिकाको संचित कोष हिसाबमा प्राप्ती भन्दा खर्च बढी भएको कारण गत बर्षको नगद तथा बैंक मौज्दात रु. २३,३६,४५,३५९.२९ रहेकोमा सो रकमबाट समेत यसवर्ष थप खर्च रु २१४९५५६८.४७ भई नगद तथा बैंक मौज्दात रु. रु. २१२१४९७९०.८२ बाँकी देखिएको छ ।

• पालिकाको सुत्रमा Revenue model आंशिक रुपमा लागू गरेको, ईन्ट्री गर्नु पर्ने कतिपय टिप्पणीहरु जस्तै ८,१४,१७ र सम्पत्ति तथा राजस्व बक्यौता ईन्ट्री गरी वित्तीय प्रतिवेदनमा समावेश नगरेको अवस्था छ ।

• जिम्मेवारी - पालिकाको आफ्नो कारोबारको जिम्मेवारी हिसावमा गत वर्षको एकीकृत आय व्यय विवरणको अन्तिम मौज्दात र यो वर्षको एकीकृत आय-व्यय विवरणको शुरु मौज्दात रु. २३३६४५३५९.२९ रहेको छ ।

• बैङ्क हिसाव – पालिकाको वित्तीय विवरण अनुसार २०८१ असार मसान्तसम्मको बैंक हिसाबमा स्रेस्ता र बैंक स्टेटमेन्ट विवरण अनुसार रु. २१२१४९७९०.८२ मौज्दात देखिएको छ ।

ख) ऋण हिसाव - नगर विकास कोष, नयाँबानेश्वरको मिति २०८१।२।२१ को साँवा व्याज किस्ता भुक्तानी पठाउने सम्बन्धको पत्रानुसार पालिकाले गत विगत बर्षमा नगर विकास कोषसँगको साझेदारीमा दमक सपिङ्ग कम्प्लेक्स भवन निर्माणको रु. १३८६०६६३.८६ तिर्नुपर्ने ऋण दायित्व देखिएकोमा आ. व. २०८१ असारमा व्याज रु. ११०८८५३.११ भूक्तानी गरेको देखिन्छ । पालिकाले दायित्व हिसाबको अभिलेख व्यवस्थित राख्नुपर्दछ । साथै सो दायित्वमध्ये मिति २०७९।१०।११ मा नव सिर्जनशिल बंगलामुखमी जे. भी. लाई रु. १३३३४५८७ मोबिलाईजेशन पेश्की भुक्तानी भएकोमा लेखापरीक्षण अवधिसम्म कार्य शुरु मात्र भएको, कार्य प्रगति प्राप्त नभएको र पेश्की फर्स्योट भएको छैन । तर व्याज भुक्तानीमा थप व्ययभार परेको अवस्था छ ।

(पालिकाले वित्तीय विवरण परीक्षण मध्ये टिप्पणी १.४ को विभाज्य कोषको मात्र हिसाव मिलान गरेको प्रतिक्रिया प्राप्त भएकोमा मिति २०८१/११/२१ को निर्णयले सम्परीक्षण गरिएको छ । बाँकी व्यहोरा कायम छन्)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२१** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

४ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८०।३।१० मा रु. १ अर्ब ८४ करोड १२ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।१७ मा पारित भएको छ । स्थानीय तहका प्रमुखले मिति २०८०।३।२४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

५ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

५.१ स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

(रु. हजारमा)

क्र.स	**क्षेत्र**	**बजेट रु**	**खर्च रु**	**खर्च प्रतिशत**
१	आर्थिक विकास	२२५४०	१९६१६	१.६१
२	पूर्वाधार विकास	६३१३३२	४६४०५४	३८.२६
३	सामाजिक विकास	५७०२१०	५००४९५	४१.२७
४	सुशासन तथा अन्तर सम्बन्धित	५६०४६	३१५९६	२.६०
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२५६७८	१९६८७१	१६.२३
जम्मा		**१४९५८०८**	**१२१२६३४**	१००

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४१.२७ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटी १.६१ प्रतिशत रहेको छ ।

५.२

खर्च बिश्लेषणः पालिकाले यस वर्ष कुल आन्तरिक आयबाट रु. १७२६४५३२२, राजस्व बाँडफाँड तर्फ रु. २११०८६०३५ र अनुदानबाट रु. ९१७८४८००० समेत रु. १३०१४१२३५९ आम्दानी भएकोमा चालु तर्फ रु. ६७०३३५८१५, पूँजीगत तर्फ रु ५४२२९८३९५ र वित्तीय व्यवस्था तर्फ रु. ० समेत रु. १२१२६३४२११ खर्च भएको छ । खर्चमध्ये आन्तरिक आयको हिस्सा १४.२३ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुविधामा रु. ९०८४००० खर्च भएको छ, जुन आन्तरिक आयको ५.२६ प्रतिशत रहेको छ । पालिकाको कुल खर्चमध्ये ५५.२७ प्रतिशत चालु र ४४.७३ प्रतिशत पूँजीगत खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

६ त्रैमासिक खर्च

पालिकाको लागि स्विकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने वजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्नेमा पालिकाले कुल पूँजीगत खर्चको तुलनामा प्रथम चौमासिकमा ६.५९ प्रतिशत र दोस्रो त्रैमासिकमा १५.९६ प्रतिशत, तेस्रो त्रैमासिकमा २१.०५ तथा चौथो त्रैमासिकमा ५२.३५ प्रतिशत खर्च गरेको देखिन्छ । कुल पूँजीगत खर्चको तुलनामा आषाढ महिनामा मात्र २७.२३ प्रतिशत खर्च गरेको छ । शिर्षकगत त्रैमासिक खर्च निम्नानुसार रहेको छ। (रकम रु. हजारमा)

खर्च शिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिना
		प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	
पूँजीगत खर्च	५४२२९८	३५७७५	८६५८२	११३९६५	२८३९०९	१४७६९१
पूँजीगत खर्च प्रतिशत		६.५९	१५.९६	२१.०५	५२.३५	२७.२३

वार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल पूँजीगत खर्चको चौथो त्रैमासिकमा ५२.३५ प्रतिशत र आषाढ महिनामा २७.३ प्रतिशत खर्च भएको देखियो । यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने, अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।

७ योजनाको प्राथमिकीरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ । सोही अनुसार प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार १० वडाको लागि वडागत र पालिकास्तरका कुल ३१३ योजनामा रु. ६०८८८७१६६ वजेट विनियोजन गरेको छ । सो मध्ये उपभोक्ताबाट २६४ योजनाहरुमा रु. १५३७३९९०० खर्च गरेको छ । संचालित योजनामध्ये ८४.३४ प्रतिशत योजना उपभोक्ता समितिबाट संचालन भएको देखिन्छ ।

क्र. सं.	**कार्यक्रमको नाम**	**जम्मा योजना सङ्ख्या**	**रु.१ लाख सम्मका योजना**	**रु.१ लाख देखि ५लाख सम्मका योजना**	**रु.५ लाख देखि १० लाख सम्मका योजना**	**१० लाख देखि ५० लाख सम्मका योजना**	**५० लाख भन्दा माथिका योजना**
१.	पालिकास्तरीय र वडास्तरीययोजना संख्या	३१३	५	१३९	७६	७३	२०
२.	रकम (रु.हजारमा)	६०८८८७	२९०	३६४८५	४६९९९	१४१४४१	३८३६७२

उपर्युक्त विवरण अनुसार पालिकाले अधिकांश साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिक खर्चमा बृद्धि भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजनाहरुमध्ये ३११ योजनाहरु सम्पन्न भएका, ४९ योजनाहरु बजेट अनुसार कार्य सम्पन्न भएका तर योजनाले पूर्णता नपाएको र २ योजना कार्यान्वियन हुन नसकेको देखिन्छ । पालिकाले प्रतिफलमुखी र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु कार्यान्वियन गर्नुपर्दछ।

८ योजना तथा वजेट कार्यान्वियन

पालिकाको योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू समेत गरेको छैन।

• बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ बमोजिम पालिकाले आर्थिक वर्षको नीति तथा कार्यक्रम तयार गर्ने, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन, २०८० को दफा २ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु.४ करोड ३६ लाख ५४ हजार रकमान्तर गरेको छ । उक्त रकम वजेटको तुलनामा २.३७ प्रतिशत हुन्छ । आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन । कार्यक्रम, वजेट तर्जुमा र कार्यान्वियनलाई व्यवस्थित गरी रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक निकायले अनुनुची- २ वमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी भौतिक र वित्तीय पक्षको कार्यालयगत र केन्द्रीय निकायगत समीक्षा गर्नुपर्ने व्यवस्था छ । पालिकाले तोकिएको ढाँचामा बार्षिक प्रगति विवरण तयार गरेको देखिएन पालिकाले सम्पादिन कार्यक्रमको बार्षिक प्रगति प्रतिवेदन तथा उपलब्धि मापन गर्नुपर्दछ ।

• पालिकाले उपलव्ध गराएको विवरण अनुसार कुल पूँजीगत खर्च रु. ७५.८१ प्रतिशत र भौतिक प्रगति ८१.०६ प्रतिशत प्रगति देखिएता पनि शून्य प्रगति भएका २ वटा योजना र अधुरा ४९ योजनाहरु ठेक्का प्रकृयामा रहेको र उपभोक्ता समितिबाट काम गरी रहेको कारण देखाईएको छ । कार्यान्वियन पक्ष प्रभावकारी बनाई सन्तोषजनक प्रगति हासिल गर्नुपर्दछ ।

पालिकाले योजना तथा बजेट कार्यान्वियनलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

९ एकमुष्ठ वजेट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ को २ मा वजेट पेश तथा पारित गर्ने विषयमा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण माथि छलफल गरी सभाबाट पारित हुने वजेटमा एकमुष्ठ राख्न मिल्ने देखिदैन । यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली , २०७७ को नियम १६ को उपनियम १८ मा कार्यालयले वजेट तर्जुमा गर्दा आगामी आर्थिक बर्षमा कार्यान्वियन गरिने कार्यक्रम वा आयोजनाको लक्ष्य र कुल लागत वजेटमा समावेश गर्नु पर्ने व्यवस्थाबाट पनि एकमुष्ठ वजेट राख्न मिल्ने देखिदैन । पालिकाले यो वर्ष रु. १,४५,४६,३५०/- एकमुष्ठ बजेट व्यवस्था गरी विभिन्न योजनामा रु.१,३०,०८,६२७/- खर्च गरेको छ । बजेट एकमुष्ठमा राखी कार्यपालिकाको निर्णयबाट सभाले समर्थन गरी ८९.९२ प्रतिशत खर्च गरेको देखिन्छ । यसमा सुधार गरी बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनु पर्दछ ।

एकमुष्ठ जेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वियन गरेका कार्यक्रम देहाय अनुसार छन् :

क्र सं	योजनाको नाम	बजेट रु.	खर्च रु.
१	पूँजीगत निर्माण सुधार विभिन्न	६५४६३५०	५०४३६५१
२	नगर प्रमुख विशेष कार्यकार्य	४००००००	३९९२३७६
३	नगर उपप्रमुख विशेष कार्यक्रम	४००००००	३९७२६००
	जम्मा	१४५४६३५०	१३००८६२७

१० गत विगतको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका विभिन्न १३३ कारोबार खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु. १०४९७१०५।- भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

११ नगर बृहत योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो आधिकार क्षेत्र भित्रका योजनामा स्थानीय तहका विकासका लागि आवधिक योजना तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाले प्रथम नगर वृहत्त योजना, २०७७ तयार पारी २० बर्षे योजना कार्यान्वियनमा ल्याएको छ । उक्त योजनामा क्षेत्रगत रुपमा बजेट अनुमान गरेको छ । पालिकाले नगर वृहत्त योजनाका उद्देश्य प्राप्त हुने गरी आवधिक योजना बनाएर वृहत्त योजनासँग तादाम्यता हुनेगरी बजेट तथा कार्यक्रम तय गर्नुपर्दछ ।
साथै उक्त योजनामा अल्पकालीन (पहिलो २ बर्ष) अवधि सकिएकोमा मध्यकालीन चरणमा रहेको छ । मध्यकालीन अवधि ४ बर्ष र दीर्घकालीन अवधि १४ बर्ष रहेको छ । तर अल्पकालीन अवधिको मूल्याङ्कन भएको छैन । Comprehensive plan revised गरी बाँकी अवधिको periodic plan मा activities wise रुपान्तरण गर्नुपर्ने देखिन्छ ।

१२ राजश्व सुधार योजना

राजश्व सुधार योजना- स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ६५ अनुसार पालिकाले राजश्व सम्बन्धी कानून बनाउन सक्ने व्यवस्था छ । पालिकाले आ. व. २०७९।८० देखि ८१।८२ सम्मको लागि ३ बर्ष राजश्व सुधार कार्य योजना, २०७९ तयार गरी कार्यान्वियनमा ल्याएको छ ।सो योजना अनुसार राजश्वका स्रोतहरुमा सुधार भएको देखिदैन । आ. व. २०८१।८२ को बजेट नीतिमा कार्य योजना समावेश गरी कार्यान्वियनमा जाने नीति लिएको छ । राजश्व सुधार योजनाको कार्यान्वियनमा जोड दिदै राजश्वको क्षेत्र अभिवृद्धी गर्नु पर्दछ ।

१३ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागू गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको देखिएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी बैठक भत्ता, तालिम, गोष्ठी लगायतका कार्यक्रम रु.२० लाख ३८ हजार खर्च गरेको छ ।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको देखिएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्र मात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरी सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र प्रतिवेदन दिने गरेको छ ।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गर्नुपर्दछ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको देखिएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु. ८ लाख ३५ हजार खर्च लेखेकोमा भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ वडागत समेतका खाजा खर्च तथा कार्यक्रम (खाजा खर्च बापत) पालिकाले रू. ४४ लाख ४० हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर लगायतका विवरणहरु अद्यावधिक गररेको छैन ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको छैन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ बमोजिम पालिकाले गत विगत बर्षमा खरिद तथा संकलन गरेका विभिन्न सफ्टवेयरहरुको अभिलेख राखेको छैन ।

• वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन।

• स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ९७ वमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पतिको रेखदेख,मर्मत सम्भार र संरक्षण गरे नगरेको अभिलेख राखेको पाइएन ।

• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) बमोजिम पालिकाले कार्यक्रमसहीतको कार्ययोजना तयारी गरी लागू गर्नुपर्नेमा सो गरेको देखिएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।

• फोहोर मैला व्यवस्थापन ऐन, २०६८ को दफा ६ मा अनुसार पालिकाले फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहोर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१४ **कार्य सञ्चालन तथा अन्य कोष**

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम संचलान गर्दा विनियोजन वजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने व्यहोरा उल्लेख गरेको छ । पालिकाले यो वर्ष प्रकोप, आकस्मिक, विविध कोष जस्ता कोषमा गत वर्षबाट जिम्मेवारी सारेको रु. १४६८४२५७३.९२ सहित यस बर्षको रु. ४०४९४९९६९.६९ आय र रु. ३०११०६४४५.२७ खर्च गरी रु. १०३८४३५२३.९२ मौज्दात रहेको छ । यसरी कोषमा रकम राखेर खर्च गरी खर्चमा दोहोरापना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक वाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

१५ **धरौटी**

पालिकाले पेश गरेको विभिन्न प्रतिवेदन अनुसार गत वर्षको जिम्मेवारी सरेको धरौटी मौज्दात रु. मा यस वर्षको प्राप्ती रु. ४,३५,६८,०७५/- समेत जम्मा रु. ८१८५७१६६/- मा रु. ३,४३,३७,५९९/- खर्च भई रु. ४,७५,१९,५६७/- मौज्दात रहेको देखिएको छ । पालिकाको धरौटी मौज्दात रकममध्ये प्रयोजन नखुलेको धरौटी रकम आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६ र ६७ बमोजिमको प्रकृया अपनाई राजश्वमा आम्दानी बाध्नु पर्दछ ।

१६ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २०६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १६४ जना पदपूर्ती भएको देखिन्छ । पालिकाबाट प्राप्त विवरण अनुसार विभिन्न ४२ पदहरु रिक्त रहेका छन् । रिक्त पदमा लोकसेवा आयोगमा माग गरेको छैन । रिक्त पदहरु पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१७ **दरबन्दी भन्दा बढी करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरवन्दी वेगरको पदमा कर्मचारी राखी देहाय बमोजिमको तलव भत्ता भुक्तानी गरेको छ । दरबन्दी भन्दा बढी कर्मचारी नियुक्तिको पुष्ट्याई तथा औचित्य पालिकाले पेश गरेको छैन । स्वीकृत दरबन्दी बेगर सामाजिक परिचालक पदमा कर्मचारी नियुक्त गरी रु. ३८,३५,०००/- भुक्तानी गर्ने कार्य नियमित नदेखिएको रु.

पद	**बढी नियुक्ति संख्या**	**तलव भत्ता रु.**
सामाजिक परिचालक	१०	३८३५०००

अनियमित भएको	३८,३५,०००

१८ **प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । पालिकाले कार्यविधि र सभाको निर्णयानुसार कर्मचारीहरुलाई मासिक तलबको १० प्रतिशतले रु. ६५,८३,५३०/- प्रोत्साहन भत्ता वापत आन्तरिक स्रोतवाट खर्च गरेको छ। जुन आन्तरिक आयको ३.८१ प्रतिशत रहेको छ । प्रोत्साहन भत्ता भूक्तानीमा मापदण्ड तयार गरी कानून बमोजिम खर्च लेख्नुपर्दछ ।

१९ **स्वकीय सचिव**

गाउँ तथा नगरसभाका सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३(१) मा महानगरपालिका र उप-महानगरपालिकाको प्रमुख र उपप्रमुखले कार्यालय प्रयोजनका लागि एक/एक जना कर्मचारीलाई निजी सचिवको रुपमा राख्न सक्ने र नगरपालिकाको

हकमा प्रमुख र उपप्रमुखले नगरपालिकाको राजस्व र आन्तरिक आय एवं कार्यालयको कार्यबोझ समेतलाई ध्यानमा राखी कार्यपालिकाको निर्णय बमोजिम एक जना कर्मचारीलाई निजी सचिवको रूपमा राख्न सक्ने व्यवस्था छ । पालिकाले यस वर्ष दुई जना स्वकीय सचिव नियुक्त गरी वर्षभरिमा रु. ९२७२१६ खर्च लेखेको देखिन्छ । सुविधा सम्बन्धी ऐनमा तोकिएको भन्दा एक जना बढी स्वकीय सचिव राखेको रु. ४,६३,६०८/- नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	४,६३,६०८

२० जिन्सी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तिको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका PAMS लागू गर्नुपूर्वका सामानहरुको मूल्य खुलाई Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• पालिकाले PAMS मा कार्यालय भवन, एम्बुलेन्स, पिकअप लगायतका सम्पत्तिको मूल्य रु. १ कायम गरी जिन्सी निरीक्षण फारम तयार गरेको छ । पालिकाको सम्पत्तिको मूल्य खुलाई अभिलेखाङ्कन गर्नुपर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

• वडा कार्यालय मार्फत खरिद गरिएका सामग्रीहरुको जिन्सी अभिलेख र सहायक खाता नराखेको ।

• पालिकाले खरिद गरेका कतिपय जिन्सी सामग्रीहरु दाखिला प्रतिवेदनमा नै हस्तान्तरण लेखी सम्बन्धित वडा कार्यालय तथा संघसंस्थालाई जिम्मा दिएको तर जिन्सी सहायक खातामा अभिलेख राखेको छैन । पालिकाको सम्पत्तिको अभिलेखाङ्कन राख्नपर्दछ ।

२१ सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकामा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्दा देखिएको व्यहोरा निम्न छ :

(रु. हजारमा)

सम्पत्ति	प्राप्त मिति	संख्या	खरिद/प्राप्ति मूल्य	कैफियत
घर जग्गा क्षेत्रफल र संख्या सहित	विभिन्न		नखुलेको	२० स्थानमा रहेको जग्गा १५२२७५.९५ व. मि.
सवारी साधन (रु.१ लाखभन्दा बढी)		१७		१३ मोटर साईकल
उपकरण (रु.१ लाखभन्दा बढी) व्याकहो लोडर		१	३९५७	
बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन	विभिन्न	२	नखुलेको	१ ट्रक, १ दमकल
अतिक्रमणमा परेको जग्गा				करिव ४० स्थानमा जग्गा रहेकोमा केही जग्गा प्रयोगमा नरहेको
अन्य उपकरण	विभिन्न	९	नखुलेको	ट्रयाक्टर, एम्बुलेन्स, दमकल, ट्रिपर

बेचल्तीमा रहेका उपकरणहरुको आवश्यक व्यवस्थापन र सम्पत्तिको मूल्य खुलाई सोको अभिलेखाङ्कन गर्नुपर्दछ ।

२२ ईन्धन खर्च

पालिकाबाट प्राप्त विवरण अनुसार इन्धन खर्चमा यो बर्ष रु. ९२ लाख खर्च गरेको देखिन्छ । पालिकामा ८ थान ४ पांग्रे सवारी साधन, १३ थान मोटर साइकल तथा स्कूटर रहेका छन् । यसका अतिरिक्त पालिकामा १ थान जेसिवि, २ थान ट्याक्टर र ३ थान एम्वुलेन्स ३ दमकल, २ ट्रिपर रहेको र उक्त साधनको लागि समेत प्रयोग भएको देखिन्छ । पालिकाले सवारी लगबुक समेतको अद्यावधिक अभिलेख राखी मापदण्ड तयार गरी सोही मापदण्ड भित्र रहेर ईन्धन खर्च गर्नुपर्दछ ।

२३ यन्त्र उपकरण सञ्चालन

पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय निम्नानुसार रहेको छ । पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विष्लेषण समेत गरेको छैन । उपकरण पालिका आफैले तथा भाडामा सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार गरेको छैन । यन्त्र उपकरण सञ्चालन व्यवस्थित हुन सकेको छैन भने यस्ता यन्त्र संचालनबाट कुनै पनि आय प्राप्त गरेको छैन । पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

क्र.सं.	सामानको विवरण	इन्धन लागत रु.	जनशक्ति लागत रु.	मर्मत लागत रु.	आय रु.	खर्च रु.
१.	जे.सि.वि व्याकहो लोडर	७६५०००	४५६१३७	३३८०७२	०	१५५९२०९
३.	ट्रक/ ट्रयाक्टर	२१००४१	४२६०९०	२१०२५२	०	८४६३८३

यी साधनहरुको प्रयोग भएको कामको अभिलेख राखेको छैन । निर्माण कार्यमा प्रयोग भएको अवस्थामा जेसिविवाट भएको कामको नापी किताव तथा कार्य स्वीकर प्रतिवेदन समेत तयार गर्नु पर्दछ ।

२४ अवकास कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ ।पालिकाले कर्मचारीहरुको मासिक तलबबाट ६ प्रतिशत कट्टा गरी ६ प्रतिशत थप गरी पेन्सन फण्ड जम्मा गर्ने गरेको छ । पालिकाले यस बर्ष अवकास कोषमा उपदान वापत रु. ६७,५०,०००/- आन्तरिक स्रोतबाट बजेट व्यवस्था गरी २ जनाको उपदान बापत रु. ५७,९७,०४२/- खर्च लेखेको छ । पालिकाबाट २०७६ पछिका कर्मचारीहरुलाई ६ प्रतिशत कट्टी र ६ प्रतिशत थप तथा २०७६ भन्दा अगाडीका कर्मचारीलाई उपदान वापतको बजेट व्यवस्था गरेको छ ।

२५ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु. १५००००० आर्थिक सहायता वितरण गरेको छ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ ।यस प्रकारका खर्चको सार्वजनिकीकरण समेत गर्नुपर्दछ ।

२६ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि यस पालिकाले हालसम्म ३१ वटा ऐन, ३३ वटा नियमावली, १० कार्यविधि, निर्देशिका २० लगायत ७७ वटा कानून निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले ३ वटा कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत भई उक्त कानूनहरु राजपत्रमा प्रकाशनको प्रकृयामा रहेको छ । उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

२७ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ६२ र यो वर्ष थप भएको २५९ गरी कुल ३२१ विवाद दर्ता भएकोमा २४९ वटा मात्र फर्स्यौट भई ७२ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२८ **कानूनी सहायक**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड बनाई यस्तो खर्च लेख्ने उल्लेख गरे तापनि सो अनुसार मापदण्ड बनाएको देखिएन ।पालिकाले यस वर्ष १ जना कानूनी सहायक नियुक्त गरी मासिक रु. ३६४३० का दरले चाडपर्व खर्च र पोशाक समेत रु. ४७१५९० पारिश्रमिक भुक्तानी दिएको छ । स्पष्ट कार्य विवरण र कार्यको अभिलेख नरहेको भुक्तानी नियमित गर्नुपर्ने देखिएको रु.

अनियमित भएको	४,७१,५९०

२९ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ७९ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

३० **पूँजीगत खर्चको अवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा सम्भव भएसम्म खुल्ला रुपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पूँजीगत शिर्षकबाट रु. ५४२२९८३९५ खर्च गरेकोमा रु. ३८८५५८४९ अर्थात् ७१.६५ प्रतिशत बोलपत्रबाट खरिद गरेको छ । कुल खरिदमध्ये उपभोक्ता समितिबाट रु. १५३७३९९०० अर्थात २८.३६ को खरिद गरेको छ । सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

३१ **सोझै खरिद**

३१.१ मेसिनरी औजार खरिद -सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू. १० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ (१) र (१ ख) मा व्यवस्था भए वमोजिम एक आर्थिक वर्षमा एकै पटक वा पटक -पटक गरी सीमा भन्दा वढी रकमको एउटै व्यक्ति,फर्म, कम्पनी वा संस्थावाट सोझौ खरिद गर्न नसकिने व्यवस्था छ । यो वर्ष पालिकाले एकै प्रकृतिको निम्नानुसारका मेसिनरी औजार प्रतिस्पर्धा नगराई देहाय बमोजिमको सोझै खरिद गरी रु. ३२९४१८५ खर्च गरेको छ । सार्वजनिक ऐन, नियमावली अनुसार प्रतिस्पर्धा हुनेगरी खरिद नगरेको नियमित गर्नुपर्ने रु.

गो भौ नं र मिति	भुक्तानी पाउने	प्रयोजन	भुक्तानी रकम रु.
६३४।०८१।३।१५	आरम्भ कम्युटर	कम्युटर/ विद्युतीय सामग्री	१९३५१५
६३३।०८१।३।१५	नेश्नल कम्युटर	कम्युटर/ विद्युतीय सामग्री	१०७६३३
६३२।०८१।३।१५	नेश्नल कम्युटर	कम्युटर/ विद्युतीय सामग्री	१०१७००
६३७।०८१।३।१५	अमित इम्पेक्ट	कम्युटर/ विद्युतीय सामग्री	२४९७३०
७३०।०८१।३।२३	आरम्भ कम्युटर प्रा. लि .	कम्युटर/ विद्युतीय सामग्री	१०९४९८
३०।०८०।६।४	आरम्भ कम्युटर प्रा. लि .	कम्युटर/ विद्युतीय सामग्री	३६५४६७
३१।०८०।६।४	नेश्नल इलेक्ट्रोनिक्स	कम्युटर/ विद्युतीय सामग्री	२६०७५५
४३।०८०।६।१६	अमित इम्पेक्स	विद्युतीय सामग्री	२१५८६४
५२।०८०।६।१९	नेश्नल ट्रेड	प्रिन्टर खरिद	१०४८६४
५४।०८०।६।१९	अमित इम्पेक्स	विद्युतीय सामग्री	८१२७९
६२।०८०।६।२५	पूर्वाञ्चाल इन्टर प्राइजेज	कम्युटर सामाग्री (टोनर , ड्रम)	७५०३२
१५१।०८०।९।११	आरम्भ कम्युटर प्रा. लि .	कम्युटर/ विद्युतीय सामग्री	१८७१५४
१५३।०८०।९।१२	अमित इम्पेक्स	विद्युतीय सामग्री	११०२२१
२२२।०८०।१०।१०	नेश्नल कम्युटर	कम्युटर टोनर	१४४६४०
२८५।०८०।११।८	नेश्नल कम्युटर	ल्यापटप खरिद	५५१६६
२८६।०८०।११।८	भैरव इन्टरनेश्नल	कम्यूटर सामग्री	५०२२८
३९१।०८०।१२।१६	आरम्भ कम्युटर प्रा. लि	विद्युतीय सामग्री	१०३९६०
४६५।०८१।१।३१	नेश्नल कम्युटर	विद्युतीय सामग्री	१११२०३
४६६।०८०।१।३१	आरम्भ कम्युटर प्रा. लि	विद्युतीय सामग्री	११९२२८
४६८।०८१।१।३१	अमित इम्पेक्स	विद्युतीय सामग्री	२६०८८९
५५३।०८१।३।५	विभिन्न	कम्युटर/ विद्युतीय सामग्री	२८६१५९
जम्मा			३२९४१८५

अनियमित भएको	३२,९४,१८५

३१.२

फर्निचर तथा फिक्चर खरिद -सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू. १० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ (१) र (१ ख) मा व्यवस्था भए वमोजिम एक आर्थिक वर्षमा एकै पटक वा पटक -पटक गरी सीमा भन्दा वढी रकमको एउटै व्यक्ति,फर्म, कम्पनी वा संस्थावाट सोझै खरिद गर्न नसकिने व्यवस्था छ । यो वर्ष पालिकाले एकै प्रकृतिको फर्निचर तथा फिक्चर प्रतिस्पर्धा नगराई देहाय बमोजिमको सोझै खरिद गरी रु. ११,३६,९०८/- खर्च गरेको छ । सार्वजनिक ऐन, नियमावली अनुसार प्रतिस्पर्धा हुनेगरी खरिद नगरेको नियमित गर्नुपर्ने रु.

गो. भौ. नं. र मिति	भुक्तानी पाउने	प्रयोजन	भुक्तानी रकम रु.
२।०८०।५।२४	गणेश हार्डवेयर स्टोर	फर्निचर	९८५५९
४२।०८०।६।१६	सुमन फर्निचर उद्योग	फर्निचर	१९३८६२
१५२।०८०।९।१२	सुमन फर्निचर उद्योग	फर्निचर	४८०२५
२२५।०८०।१०।१८	शुभलक्ष्मी फर्निचर उद्योग	फर्निचर	२२४८७०
२८७।०८०।११।८	सुमन फर्निचर उद्योग	फर्निचर	७६०४९
३९२।०८०।१२।१६	सुमन फर्निचर उद्योग	फर्निचर	१२८९३३
५०४।०८१।२।२२	वि. पी. एन. एस. ट्रेड लिंक प्रा. लि.	फर्निचर	११९५६५
६३६।०८१।३।१५	सुमन फर्निचर उद्योग	फर्निचर	१७०८५६
७३२।०८१।३।२३	सुमन फर्निचर उद्योग	फर्निचर	९३२५५
जम्मा			११३६९०८

अनियमित भएको	११,३६,९०८

३१.३ ह्युम पाईप खरिद -सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू. १० लाख देखि रू. २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ (१) र (१ ख) मा व्यवस्था भए वमोजिम एक आर्थिक वर्षमा एकै पटक वा पटक -पटक गरी सीमा भन्दा वढी रकमको एउटै व्यक्ति,फर्म, कम्पनी वा संस्थावाट सोझै खरिद गर्न नसकिने व्यवस्था छ । यो वर्ष पालिकाले एकै प्रकृतिको निर्माण प्रयोजनका सामग्री प्रतिस्पर्धा नगराई देहाय बमोजिमको सोझै खरिद गरी रु. २०,७७,७२४/- खर्च गरेको छ । सार्वजनिक ऐन, नियमावली अनुसार प्रतिस्पर्धा हुनेगरी खरिद गर्नुपर्दछ ।

गौ भौ नं र मिति	भुक्तानी पाउने	प्रयोजन	भुक्तानी रकम रु.
७१२।०८१।३।२२	माँ दुर्गा कंक्रिट उद्योग	ह्युम पाईप खरिद	४८७८२१
७१०।०८१।३।२१	माँ दुर्गा कंक्रिट उद्योग	ह्युम पाईप खरिद	६८२५७६
७१४।०८१।३।२२	माँ दुर्गा कंक्रिट उद्योग	ह्युम पाईप खरिद	४७९६८५
७२३।०८१।३।२२	राज निर्माण सेवा	विद्युत पोल खरिद तथा जडान	४२७६४२
जम्मा			२०७७७२४

उल्लेखित खरिदमध्ये माँ दुर्गा कंक्रिट उद्योगलाई ह्युम पाईप खरिद वापत एकै प्रकृतिको सामान पटक पटक गरी रु. १६५००८२ भुक्तानी गरेको नियमित गर्नुपर्ने रु.

अनियमित भएको	१६,५०,०८२

३१.४ सवारी साधन खरिद –पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाले १ थान दुई पांग्रे सवारि साधन खरिदमा रु. ३९६८९९ को मिति २०८१।३।१३ मा खर्च गरेको छ । पालिकामा १३ थान २ पाङ्ग्रे सवारी साधन भएको अवस्थामा आवश्यकता विश्लेषण गरेर खरिद गर्नुपर्दछ ।

३२ सफ्टवेयर खरिद र परिचालन

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यक्ताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र यकिन गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न ५ प्रकारमा सफ्टवेयरहरुमा गत वर्षसम्म रु. ३२,५५,०००/- भुक्तानी गरेकोमा यो वर्ष २ सफ्टवेयरमा रु. १२,८३,०००/- सहित रु. ४५,३८,०००/- भुक्तानी गरेको छ । ती सफ्टवेयरको खरिदको अतिरिक्त वार्षिक मर्मत सुधारमा गत वर्षसम्म रु. ४२००८४/- र यो वर्ष रु. ५२१७८४/- समेत हालसम्म सफ्टवेयर खरिद र बार्षिक मर्मत सुधारमा रु. ५४,७९,८६८/- खर्च गरेको देखियो । सफ्टवेयर खरिदको आवश्यक्ता, लागत अनुमान, त्यसको पूर्ण प्रयोग, उक्त सफ्टवेयर संचालनको स्वीकृति र सफ्टवेयर अडिट गरेको छैन । उक्त सफ्टवेयर प्रयोगमा आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्शदाता माथि निर्भर रहेको छ । तसर्थ यस्ता सफ्टवेयर खरिद प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसँग आवद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ । साथै नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेकोमा सो वमोजिम स्वीकृत समेत लिएको देखिदैन ।

३३ डिपिआर तयार तथा कार्यान्वयनको स्थिति

सार्वजनिक खरिद ऐन, २०६३ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ । यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा पालिकाले सम्भाव्यता अध्ययन, प्रतिवेदन लगायतमा प्राप्त विवरण अनुसार गत वर्ष २ कार्यमा रु. १९८,७६५/- र यो वर्ष २ कार्यमा रु. १९९९९९/- समेत कुल रु. ३९८७६४/- खर्च गरेको छ । सम्भाव्यता अध्ययन गर्दा सोको खरिदमा विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन।

डिपिआर कार्यान्वयन - लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार हालसम्म २०१ वटा डिपिआर तयार भएको देखिन्छ। आर्थिक वर्ष २०८०।८१ मा २ वटा डिपिआर तयार भएको र गत वर्षसम्ममा १९९ वटा डिपिआर/प्रस्तावना बनेकोमा गत वर्षसम्मका १९७ डिपिआरको मूल्य नखुलेको, लागत नखुलेको, जिन्सी आम्दानी गरी सम्पत्तिको रूपमा अभिलेख नरहेको र PAMS मा इन्ट्री नरहेको अवस्था देखिन्छ। पालिका स्रोत अनुसार उल्लेखित डिपिआरमध्ये ३५ प्रतिशत कार्यान्वयनमा गएको र बाँकी कार्यान्वयनमा नगएको अवस्था जनाएको छ । कुल २०१ डिपिआरमध्ये करिब ७ प्रतिशत अन्य निकायबाट प्राप्त भएका बाँकी डिपिआर पालिकाको बाह्य जनशक्तिबाट खरिद भएकोमा कार्यान्वयनमा नगएका डिपिआरको बजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा पालिकाले ध्यान पुर्‍याएको छैन । यसरी प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान दिनुपर्दछ ।

३४ खर्च वृद्धि

तपसिलका चालु प्रकृतिका काम/ खर्च शिर्षकहरुमा गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा खर्च रकम वृद्धि भएको देखिन्छ । पालिकाले विकास निर्माणको कार्य बढेको कारणले वृद्धि भएको जानकारी दिएको छ । यस्ता खर्चलाई नियन्त्रणमा राखी मितव्ययीता अपनाउनु पर्दछ । केही उदाहरणहरु

सि.नं.	खर्च शिर्षक	२०७९।८० को खर्च	२०८०।८१ को खर्च
१	परामर्श सल्लाहकार	१९८३५१८	२६११५४०
२	बैंठक भत्ता (कर्मचारी पदाधिकारी)	२०४४०००	३४७६५००
३	इन्धन	८६६७०००	९२०००००

३५ **पेश्की**

३५.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाको वित्तीय विवरणमा म्याद ननाघेको रु. ५९,९९,८२३/- र म्याद नाघेको रु. २,२०,६७,२४६/- समेत कुल जम्मा रु. २,८०,६७,०६९/- पेश्की बाँकी देखाएको छ । पालिकाले यो बर्ष २ कार्यक्रमको लागि रु. १७,२४,०००/- पेश्की दिएको छ । उक्त पेश्की आर्थिक बर्षको अन्तसम्म म्याद ननाघेता पनि सोको अभिलेख व्यवस्थित गरी पेश्की फर्स्यौट गर्नुपर्दछ ।

सि नं.	पेश्की मिति	पेश्की लिने	पेश्की रकम रु.
१	३।२०८०।१२।२८	जे. एण्ड. जे. निर्माण सेवा	६१२०००
२	६।२०८१।१।२४	जे. एण्ड. जे. निर्माण सेवा	१११२०००
जम्मा			१७२४०००

३५.२ म्याद नाघेको पेश्की आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरीको कर्तव्य हुने उल्लेख छ । पालिकाले शुभ नवरत्न कन्स्ट्रकसनलाई गत बर्ष दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु. २८५,०००/- बाँकी रहेको देखिन्छ । म्याद नाघेको पेश्की रु. २,८५,०००/- फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार असुल फर्स्यौट गर्नुपर्ने रु.

पेश्की	२,८५,०००

३६ **कन्टिन्जेन्सी खर्च**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ । पालिकाले २.५ प्रतिशत कन्टिन्जेन्स कट्टी गरेको छ । पालिकाले मस्टरोलबाट काम गरेको उल्लेख गरी १ जनालाई रु. २५२०००, इन्धनमा रु. ५१०००० समेत रु. ७६२००० कन्टीन्जेन्सी खर्च गरेको छ । कन्टेन्जेन्सी खर्चको छुटै अभिलेख तयार गरेको छैन । कन्टिन्जेन्सी खर्चको अभिलेख छुट्टै र व्यवस्थित रुपमा राख्नुपर्दछ । इन्धन शीर्षकमा रु. ५१०००० पालिकाको नियमित प्रयोजनको लागि खर्च लेखेको छ । इन्धन खर्चको मापदण्ड तयार गरी खर्च लेख्नुपर्दछ ।

३७ **बिमा कार्यक्रम**

पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष ७१४ जनालाई १० वटा वडाहरूमा बीमा कार्यक्रममा रु. २४,९९,०००/- भुक्तानी गरेको छ । विपन्न पहिचान समितिको निर्णयानुसार ६२९ जना वडाहरूमा र ८५ जना विपन्न नमुना बस्तीका विपन्न परिवार, द्वन्द्व पिडित परिवारको लागि विपन्न पहिचान कार्यविधि अनुसार विपन्न परिवार बिमा कार्यक्रम सञ्चालन गरेको देखिन्छ । पालिकाबाट भुक्तानी हुने बीमा कार्यक्रम कार्यविधि अनुसार लागत साझेदारीमा सञ्चालन गर्नुपर्दछ ।

३८ **सेवा प्रवाह**

लेखापरिक्षणलाई प्राप्त विवरण अनुसार आ. ब. २०८०।०८१ मा पालिकाबाट निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ । सेवा प्रवाहको अभिलेख व्यवस्थित हुनुपर्दछ ।

सि. नं.	विवरण	विवरण सेवा प्राप्तिका लागि निवेदन र सिफारिस सख्या
१	विवाह दर्ता	६३५
२	जन्म दर्ता	१३३५
३	मृत्यु दर्ता	५०६
४	बसाईसराई दर्ता	आएको २२०८ जना
५	सम्वन्ध विच्छेद	१५५
६	घर नक्सा पास	३८४
७	कालो पत्रे सडक मर्मत	५००० मि.
८	ग्राभेल सडक निर्माण	१८३०० मि.
९	कालो पत्रे सडक निर्माण	१२३६० मि.

३९ कृषि पशु अनुदान

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता अनुदान कार्यक्रम संघका साथै प्रदेश मार्फत समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधि तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष पालिकावाट १४९७ जनाको लागि रु ६२९५००० खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

कृषि शाखा (क)					
क्र.स	**अनुदानकोकिसिम**	**लाभग्राहीसंख्या**	**अनुदानको प्रकार**	**अनुदान रकम**	**कैफियत**
१	बिनाशकारीरोग तथा किरा नियन्त्रण जैविक बिषादी,फेरोमन ट्याप खरिद तथा बितरण	धरधुरीः३५५	निशुल्क	३ लाख	बालीनिरीक्षण गरेर
२	कृषकलाई७५ % अनुदानमा उन्नत बिउमा अनुदान (खाद्यान्न बाली)	धरधुर १५६मकै	७५%	३लाख	
३	माटोपरीक्षण तथा प्रविधि/सामाग्री निशुल्क कृषि चुन सहयोग	धरधुरी १५४	निशुल्क	४ लाख	माटो परीक्षण गरि रिपोर्टको आधारमा
४	५०प्रतिशत अनुदानमा कृषक, समुह, तथा कृषि फर्म लक्षित साना मेसिन औजार उपकरणसहयोग	समुह/फर्म/ ब्यक्तिः ११४	५०%	३ लाख	निवेदन माग संकलन गरेर
५	तेलहनबालीको लागी बीउ र उत्पादन सामाग्रीसहयोा	धरधुरीः४२६	२५%	५लाख	खुला सुचना
६	बेसारखेतीका लागि उत्पादनमा अनुदान	सहकारी/फर्म/ धरधुरीः ५४	निशुल्क	५लाख	निवेदन माग संकलन गरेर
७	मागतथा तत्काल आवश्यकताका आधारमा कृषिकार्यक्रम	धरधुरी /फर्म २७टनेल	निशुल्क/लागत सहभागीता	५लाख	शिर्षक गत नपूग रकम ब्यवस्थापन
८	सिंचाईकोलागी स्यालो ट्युवेल जडान तथा बोरिङ्ग मा सहयोग	धरधुरीः ५३	४ ईन्चको लागी माथिल्लो बेल्टमा ५० हजार तल्लो बेल्टमा ३५ हजार २ ईन्चको लागी माथिल्लो बेल्टमा ३५हजार तल्लो बेल्टमा २५हजार	२२लाख ९५हजार	निवेदन माग संकलन गरेर
९	मकैपकैट बिकास कार्यक्रम	सहकारी संस्था ५ वटा बोरिङ्ग	निर्देशिका बमोजिम सिंचाईस्यालो ट्युवेल	५ लाख	
	जम्मा (क)			**५५लाख ९५ हजार**	
पशुविकास शाखा (ख)					
१०	५०प्रतिशत अनुदानमा च्याफकटर बितरण	धरधुरी २०	५०प्रतिशत	३लाख	निवेदन मागसंकलन
११	माछाभुरा वितरण	धरधुरी १२	निशुल्क	१ लाख	निवेदन मागसंकलन
१२	हिउदेतथा बर्षे धासको बिए बितरण	धरधुरी १२१	५० प्रतिशत	३ लाख	निवेदन मागसंकलन
	जम्मा (ख)			**७लाख**	
	कुल जम्मा (क+ख)			**६२लाख ९५हजार**	

पालिकाबाट बितरण भएको उल्लेखित अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

४० कृषि सहकारी संस्था मार्फत कार्यक्रम

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले कृषि सहकारी संस्थालाई कार्यक्रम संचालन

बापत रु. १४७,०००/- भुक्तानी गरेको छ । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

गो. भौ. नं. र मिति	अनुदान प्राप्त गर्ने संस्था	अनुदान व्यहोरा	अनुदान रु.
१५४२।०८०।११।२७	सेतु कुमारी कृषि सहकारी	तालिम	१२७०००
२६३०।०८१।३।२४	सेतु कुमारी कृषि सहकारी	शिविर कार्यक्रम	२००००

४१ **गुरुयोजना**

गुरुयोजना निर्माण (२५२७।०८१।३।२२) – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ बमोजिम नगरपालिकाको मिति २०८०।१०।२९ को निर्णयले २०८०।२।९ मा पालिका र डाइनामिक रिसोर्सेज म्यानेजमेन्ट सर्भिसेज प्रा. लि. बीच रु. ९८०२७५ मा फोहोर मैला व्यवस्थापन तथा प्रशोधन केन्द्रको गुरुयोजना निर्माण गर्ने कार्यका लागि सम्झौता भएको छ । पालिकाले रु. ९९४८२७ को लागत अनुमान तयार गर्दा शहरी विकास तथा भवन निर्माण विभागको विज्ञको पारिश्रमिकलाई आधार लिएता पनि विज्ञ वाहेकको लागत अनुमानको आधार स्पष्ट छैन । पालिकाको वडा नं. २ स्थिति हम्सेदम्से सामुदायिक बनको सहमती रहेता पनि वन कार्यालसँग समन्वय भएको देखिएन ।

४२ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. २०९४९२००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु. १७२६४५३२२.६२ अर्थात अनुमान भन्दा १७.५८ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ ध्यान दिन आवश्यक देखिएको छ ।

४३ **राजश्व असूली**

यस पालिकाले पछिल्लो दुई आर्थिक वर्षमा असूल गरेको राजश्वको स्थिति निम्न अनुसार रहेको छ

सि.नं.	राजश्वको नाम	२०७९।८० को असूली	२०८०।८१ को असूली	वढि
१	कुल आन्तरिक आय	१४४७२००८१	१७२६४५३२२	गत वर्षको असुलीको तुलनामा १९. २९ % ले बृद्धि भएको अवस्था छ ।

४४ **असुली गर्न बाँकी सम्पत्ति कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । पालिकामा आ. व. ०७९।८० सम्मका ५३७५२ र ०८०।८१ मा थप ५२२२ समेत ५९०१५ सम्पत्ति कर तिर्नुपर्ने करदाताहरुमध्येबाट यस आ. व. मा रु. ३७५३०४३ असुली गरेको छ । तर पालिकाले उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । उठ्न बाँकी आम्दानी आयगत लगत व्यवस्थित गरि नियमानुसार असुल गर्नुपर्दछ

४५ **घर बहाल कर**

पालिकाको आर्थिक ऐन, २०८० को दफा ४ को अनुसूची ४ मा बहाल कर २ प्रतिशतको दर तोकिएको छ । पालिकाको आर्थिक ऐन अनुसार बहाल कर वापत यस वर्ष रु. १६०३५६४५/- असुली भएको छ । आयकर ऐन, २०५८ को दफा ८८ अनुसार बहाल कर १० प्रतिशतका दरले लाग्ने व्यवस्था छ । पालिकाले यस बर्ष २ प्रतिशतको दरले वहाल कर लगाउदा रु. १ करोड ६० लाख प्राप्त भएको छ । आयकर ऐन र पालिकाको आर्थिक ऐनमा वहाल कर ८ प्रतिशतले फरक पर्दा पालिकाको कर संकलनमा रु. ६४१४२५८०/- कमि आय संकलन भएको देखिन्छ । पालिकाले आर्थिक ऐन अनुसार करका दर निर्धारण गर्दा संघीय कानूनलाई समेत ध्यान दिनु पर्दछ ।

४६ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शिर्षक	अनुमान	असुली	असुली प्रतिशत	गत बर्षको असुली
सम्पत्ति कर	३००००००००	१८५६०२३७	६१.८६	३४६३९६६३
बहाल कर	१५०००००००	१६०९४८१९	१०७.२९	१२८०७५५३
व्यवसाय कर	१५०००००००	२५०३३८९७	१६६.८९	०
अन्य राजस्व	१५०००००००	४९४७४१	३२.९८	६८३१५६२

पालिकाको विभिन्न प्रतिवेदन अनुसार यस बर्ष पालिकाले १००९३ करदाताबाट रु. २४७५१७०२।– कर संकलन गरेता पनि पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क लिने गरेको छ ।पालिकाले गत बर्षको असूलीको तुलनामा यस बर्ष सम्पत्ति कर घटेको, बहाल कर व्यावसाय कर बढेको तथा अन्य क्षेत्रको आय घटेको देखिएको छ । आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

४७ क्रसर उद्योग

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा मा पालिकाले आफ्नो क्षेत्र भित्रको कर दस्तुर शुल्क वापतको कर संकलन गर्नसकक्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस बर्ष पालिका क्षेत्रमा रहेका देहाय बमोजिमका क्रसर उद्योगहरुबाट रु. ५०००००० प्राप्त हुन बाँकी देखिएको छ । बाँकी रकम नियमानुसार जरिवाना समेत यकिन गरी असुल गर्नुपर्ने रु.

क्र सं	व्यवसायको नाम	बाँकी रकम रु.
१	श्री पाथिभरा वालुवा प्रशोधन केन्द्र	१०००००
२	ईन्द्र भवानी बालुवा प्रशोधन केन्द्र	१०००००
३	टार्जन तुम्वाहाम्फे र अशोक चेम्जोङ	१०००००
४	पाथिभरा बालुवा प्रशोधन	१०००००
५	इष्ट चुलाचुली कन्ट्रक्सन प्रा. लि .	१०००००
जम्मा		५०००००

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२१** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	५,००,०००

४८ असुली गर्न बाँकी आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । पालिकाले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार २६ व्यवसायीहरुबाट रु. ५,६९,१३८ असुल गर्ने बाँकी रहेको छ ।

क्र.सं.	भाडामा बस्नेको नाम	सटर नं./ प्लट नं.	कम्प्लेक्सको नाम	बाकीं महिना	जम्मा उठन बाँकी रकम	०८०।८१ को बाँकी
१	कमल ताजपुरिया	४४ नं. कोठा	कृषि सुपर मार्केट कच्ची पसल कवल	10	18514	18514
२	सुनिल चौधरी	१४५ नं. कोठा	कृषि सुपर मार्केट कच्ची पसल कवल	10	18514	18514
३	प्रेमनाथ चौधरी	११७ नं. कोठा	कृषि सुपर मार्केट कच्ची पसल कवल	114	238168	21840
४	सुनिल शाह	१४७ नं. कोठा	कृषि सुपर मार्केट कच्ची पसल कवल	19	19715	21840
५	जोगेन्द्र राजवंशी	२१ नं. कोठा	कृषि सुपर मार्केट कच्ची पसल कवल	25	47026	21840
६	जोगेन्दर राजवंशी	१४६ नं. कोठा	कृषि सुपर मार्केट कच्ची पसल कवल	26	26888	21840
७	विकाश पुरी	३२ नं. कोठा	कृषि सुपर मार्केट कच्ची पसल कवल	27	50890	21840
८	पवित्रा सुवेदी	३३ नं. कोठा	कृषि सुपर मार्केट कच्ची पसल कवल	27	50890	21840
९	मिठुमाया बस्नेत	१४० नं. कोठा	कृषि सुपर मार्केट कच्ची पसल कवल	28	29011	21840
१०	सुरेन्द्र शाह	१४१ नं. कोठा	कृषि सुपर मार्केट कच्ची पसल कवल	28	29011	21840
११	सरिता कुमारी चौधरी	१४४ नं. कोठा	कृषि सुपर मार्केट कच्ची पसल कवल	28	29011	21840
१२	जीवन कुमार शाह	१३२ नं. कोठा	कृषि सुपर मार्केट कच्ची पसल कवल	49	87219	21840
१३	शिवनारायण चौधरी	२५ नं. कोठा	कृषि सुपर मार्केट कच्ची पसल कवल	63	119373	21840
१४	शिव शंकर शाह	५६ नं. कोठा	कृषि सुपर मार्केट कच्ची पसल कवल	7	12964	12964
१५	यास्मिन खातुन	५२ नं. कोठा	कृषि सुपर मार्केट पक्की पसल कवल	11	36978	36978
१६	श्रवण कुमार शाह	G 7	दमक बसपार्क पसल कवल	13	14897	13751
१७	मिरादेवी शाह	H 1	दमक बसपार्क पसल कवल	18	87729	58486
१८	नन्दकला राई	C 2	दमक बसपार्क पसल कवल	30	27463	10985
१९	रेणु पौडेल	C 3	दमक बसपार्क पसल कवल	38	34879	11015
२०	गंगा कटुवाल	I 2	दमक बसपार्क पसल कवल	47	189442	48368
२१	चन्द्र गौतम	१५ नं काउण्टर	बसपार्क टिकट काउण्टर	24	24797	12399

२२	कञ्चनजंघा यातायात प्रा . लि .	७ नं काउण्टर	बसपार्क टिकट काउण्टर	9	25247	25247
२३	श्रवण सहनी	२३ नं. कोठा	माछा मासु पसल कवल	10	8952	8952
२४	राजु सोहनी	२१ नं. कोठा	माछा मासु पसल कवल	15	14432	11546
२५	दिपेन्द्र तिम्सिना	६ नं. कोठा	माछा मासु पसल कवल	50	85769	20584
२६	नासिर हुसेन सिद्धिकी	१० नं. कोठा	माछा मासु पसल कवल	51	87527	20595
					1415306	569138

पालिकाले उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गरी आयको लेखाङ्कन गर्ने र उल्लिखित रकम सम्झौताअनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्ने रु.

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२१** को निर्णयले रू **१४,०१४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२१** को निर्णयले रू **३३,५७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२१** को निर्णयले रू **२६,८३४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२१** को निर्णयले रू **५४,३८१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२१** को निर्णयले रू **२१,७८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	५,६९,१३८

४९ **वक्यौता व्यवसाय कर**

पालिकाको आर्थिक ऐन, २०८० को दफा ५ (अनुसूची-४) मा व्यवसाय कर लाग्ने व्यवस्था गरेको छ । पालिकाले राजस्व अभिलेख र प्रतिवेदनको लागि प्रयोग गरेको प्रणाली अनुसार पालिका भित्रका विभिन्न कारोवार गर्ने बैङ्क, वित्तीय संस्था, होटेल, स्टेशनरी लगायत फर्मबाट पालिकाले व्यवसाय कर रु. ३०,३३,५००/- असुल गर्नुपर्ने वाँकी देखाएको छ तर पालिकावाट असुल गर्नुपर्ने बाँकी व्यवसाय कर वक्यौताको नामनामेसी विवरण पेश हुन आएन । आर्थिक ऐन अनुसार वक्यौता व्यवसाय कर यकिन गरी असुल गर्नुपर्दछ ।

५० **नवीकरण शुल्क**

पालिकाको "घ" वर्गको निर्माण इजाजत पत्र प्रदान सम्बन्धि कार्यविधि, २०७५ को दफा ३ मा प्रत्येक आर्थिक बर्षको इजाजत पत्र अवधि मान्य रहने र अवधि समाप्त भएको तीन महिना भित्र संघ, प्रदेश र स्थानीय तहलाई तिर्नु पर्ने कर तिरी सकेको कर चुक्ता प्रमाण पत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित अनुसूची-२ अनुसारको दस्तुर तिरी नवीकरण गरी पास वुक विवरण अद्यावधिक गर्नु पर्ने व्यवस्था छ। पालिकामा ९२ इजाजतपत्र लिएका फर्महरुमध्ये आ.ब. २०८१।८२ मा २० जनाको नवीकरण भएको छैन । आ. व. ०८०।८१ सम्मको कुल बाँकी रु.१,८०,००० मध्ये ०८०।८१ को रु. ८५,००० बाँकी बक्यौता देखिएको छ । ढिला गरी नवीकरण गर्ने निर्माण व्यवसायीबाट थप नवीकरण दस्तुर लिई देहाय बमोजिमको नवीकरण शुल्क रु ८५,००० असुल गर्नुपर्ने रु.

क्र.सं.	दर्ता नं.	निर्माणव्यवसायको नाम	संकेत नं.	आ.ब. ०८०।०८१सम्मको बाँकी	आ व ०८०।८१ को बाँकी
1	2	बृयानकन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि.	04-34-0152	15000	5000
2	4	दिविशकन्स्ट्रक्सन प्रा. लि.	05-36-0183	15000	5000
3	5	दिव्यतुलसी निर्माण सेवा प्रा.लि.	09-13-0140	15000	5000
4	7	हाङ्गमादिङ्ग कन्स्ट्रक्सन	07-34-0100	5000	5000
5	12	लक्ष्मीकन्ट्रक्सन	06-06-0208	15000	5000
6	17	निर्देशनिर्माण सेवा	01-06-0438	5000	5000
7	20	पाथिभराबिल्डर्स एण्ड ईन्जिनियरिङ् प्रा. लि.	09-26-0347	15000	5000
8	21	क्रिएटीभकन्स्ट्रक्सन एण्ड सप्लायर्स	09-28-0171	15000	5000
9	32	फाल्गुनन्दनिर्माण सेवा प्रा. लि.	01-27-0042	15000	5000
10	62	माङ्गेनाकन्स्ट्रक्सन एण्ड सप्लायर्स प्राइभेट लिमिटेड	00-26-1411	10000	5000
11	68	वल्ड ट्रेडकन्स्ट्रक्सन कम्पनी प्रा. लि.	05-26-0367	5000	5000
12	71	यात्रानिमार्ण सेवा	00-08-1084	10000	5000
13	73	टि आरकन्स्ट्रक्सन	06-35-0481	10000	5000
14	77	एन क्यूनिर्माण सेवा	02-32-0037	5000	5000
15	82	पद्माकृपालु कन्स्ट्रक्सन प्रा. लि.	04-26-0440	5000	5000
16	83	ए वानब्रेन कन्स्ट्रक्सन प्रा. लि.	09-04-0025	5000	5000
17		आर. आर.कन्स्ट्रक्सन	05-01-0184	15000	5000
जम्मा				180000	85000

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२१** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२१** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२१** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	८५,०००

५१ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय
७७३८३८९७३	१७२६४५३२२	२२

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २२.३१ प्रतिशत रहेको छ । पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५२ **सार्वजनिक शौचालय**

नगरपालिका र मङ्गल डुम बीच मिति २०७८।५।३ मा ३ वर्षको लागि सार्वजनिक शौचालय सेवा शुल्क संकलन गर्नको लागि रु.२५३००० मा सम्झौता भएको छ । पालिकाले एकल निवेदनका आधारमा मात्र सम्झौता गरेकोले सूचना प्रकाशन गरी प्रतिस्पर्धाबाट ठेक्का व्यवस्थापन गर्नुपर्दछ।

५३ **जडिबुटी कवाडी कर**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२१** को निर्णयले रू **२५,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५४ **मूल्य अभिबृद्धि कर**

मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १५(३) मा दर्ता नभएको स्थानीय तहले मूल्य अभिबृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिबृद्धि कर असुल गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष अमानतबाट रतुवा खोलाको ढूङ्गा, गिटी, बालुवाबाट रु. ६४१६५९.२ आय संकलन गरेको छ । उक्त संकलनमा लाग्ने मूल्य अभिबृद्धि कर रु. ८३४१५ राजस्व शिर्षक ३३३१७ मा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	८३,४१५

५५ **बहाल बिरौटी कर**

दमक नगरपालिका र नरप्रसाद आचार्य बीच २०८०।४।१६ मा बहाल बिरौटी शुल्क संकलन गर्नको लागि आ व २०८०।८१ को लागि रु. ४०१०० मा सम्झौता भएको छ । गत विगतदेखि नै एकल निवेदनका आधारमा मात्र सम्झौता गरेको देखिन्छ । कर सङ्कलनका लागि सूचना प्रकाशन गरी प्रतिस्पर्धात्मक विधिबाट ठेक्का सम्झौता गर्ने तर्फ ध्यान दिनुपर्दछ।

५६ **मूल्य अभिबृद्धि कर दाखिला**

मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १५(३) मा दर्ता नभएको स्थानीय तहको मुल्य अभिबृद्धि कर लाग्ने बस्तुको बिक्री गर्दा मूल्य अभिबृद्धि कर असुल गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष आय ठेक्का वापतको पालिकाको धरौटी खातामा मूल्य अभिबृद्धि कर जम्मा भएको दाखिला रकम रु. २८५७६१७ राजस्व शिर्षक ३३३१७ मा पालिकाको पान नं. बाट संघीय सरकारको संचित कोषमा दाखिला हुनुपर्नेमा निर्माण व्यवसायिको पान नं. बाट राजस्व शिर्षक ३३३१७ मा दाखिला भएको देखिन्छ । मुल्य अभिबृद्धि कर समायोजन नपाउने रकम व्यवसायिको पान नं. बाट दाखिला हुँदा राजस्व शिर्षक संशोधन गरी समायोजन हुन सक्ने जोखिम देखिदा यस तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

क्र सं.	आय ठेक्का	मूल्य अभिबृद्धि कर भएको पान नं.	मूल्य अभिबृद्धि कर रकम रु.	राजस्व शिर्षक
१	पशु हाट कर	नितु कन्ट्रक्सन (६०४१७८२४६)	१६९८६६७	३३३१७
२	पार्किङ सेवा शुल्क	हाङमादिङ कन्ट्रक्सन (६०५८५५९८८)	८१७७००	३३३१७
३	विज्ञापन कर	साहन हव प्रा. लि. (६१००७५३०६)	१२०२५०	३३३१७
४	जडिबुटी कवाडी कर	एन. के. कन्ट्रक्सन प्रा. लि.	२२१०००	३३३१७
जम्मा			२८५७६१७	

५७ व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क समेतका व्यवसाय वापत रु. २४७५१७०२ कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

५८ ठेक्का व्यवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ४०.६९ देखि ५० प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको देखिन्छ । पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी देहाय बमोजिमको योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

क्र.सं.	ठेक्का नं.	योजनाको नाम	लागत अनुमान	छनौट कम्पनीको नाम	कबोल रकम	घटी प्रतिशत
1	DMO/JHAPA/ROAD/ 24/080-81	Construction of gravelling and side plum walls various roads in Damak 3	5,154,552.10	Quick Space Builder Pvt. Ltd	2,577,131.46	50
2	DMO/JHAPA/ROAD/ 18/080-81	Construction of Drain and Gravel on Nawa Shreejana Marga, Damak 7	4,731,175.29	tho tho kerek pogiro nirman sewa	2,539,086.92	46.33
3		Construction of Drain on Saraswati Marga, Phase II ,Damak 2	3,022,934.35	Anubhav nirman sewa.	1,674,109.55	44.62
4	DMO/JHAPA/ROAD/ 26/080-81	Construction of Hawaldar Chowk West Panchthare Marga Drain Construction, Damak 1	3,553,167.65	New Sagarmatha Construction	2,020,026.33	43.15
5	DMO/JHAPA/Culvert/ 32/080-081	Construction Of Bhuture Khola Culvert, Damak 4	6,525,016.51	Miklajung Builders Private Limited	3,776,171.36	42.13
6	DMO/JHAPA/ROAD/ 25/080-81	Upgradation of chulachuli school to mawa khola sadak, damak 3	6,394,256.95	Anubhav nirman sewa.	3,702,648.01	42.09
7	DMO/JHAPA/ROAD/ 15/080-81	Upgradation and Construction of Drain on Saraswati Marga, Damak 2	5,503,806.60	tho tho kerek pogiro nirman sewa	3,212,305.92	41.63
8	DMO/JHAPA/ROAD/ 21/080-81	Construction of Drain and Gravel on Devkota Marga, Damak 1	2,665,920.55	Sambandha Construction Private Limited	1,568,978.39	41.15
9	DMO/JHAPA/ROAD/ 22/080-81	Upgradation of Kanchan and Indreni Marga, Damak 9	3,689,874.57	Anubhav nirman sewa.	2,175,877.60	41.03
10	DMO/JHAPA/QUOTATION/ ROAD/45/080-81	Gravel and Upgradation on Various Roads, Damak 4	1,910,618.56	New Sagarmatha Construction	1,133,161.12	40.69

५९ **म्याद थप**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ मा खरिद सम्झौतामा उल्लेख भए अनुसार खरिद सम्झौताको म्याद थप गर्ने उल्लेख छ । साथै खरिद सम्झौतामा भेरियसन आदेश र असामान्य अवस्था (क्षतिपुर्तिजन्य घटना) को आधारमा म्याद थप गर्न सकिने व्यवस्था छ । समय नियन्त्रणको लागि खरिद सम्झौतामा प्रत्येक ६० दिनमा कार्यतालिका अध्यावधिक गर्नुपर्ने, म्याद थप गर्नुपर्ने घटनाको पूर्व जानकारी दिनुपर्ने, म्याद थप गर्ने घटनाले पारेको प्रभावको आधारमा दिन गन्तीका आधारमा म्याद थप गर्नुपर्ने, ठेक्काको काम गर्दा दैनिक डायरी राख्नुपर्ने र म्याद समाप्त हुनुभन्दा २१ दिन अघि म्याद थपको लागि निवेदन दिनुपर्ने व्यवस्थाहरु छन् । उक्त व्यवस्थाको सट्टा खरिद ऐनको उक्त व्यवस्था विपरित सार्वजनिक खरिद नियमावली, २०६४ को छैठौं देखि १३ औं संसोधन गरी सम्झौता वाहेकका कारणहरु देखाइ एकमुष्ठ रुपले म्याद थप गरेको छ । म्याद थप गर्दा ठेक्काहरुको म्याद बढ्दै गई ठेक्काहरुको काम अधुरो रहेको छ । समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ बमोजिम खरिद संझौता उलंघन भएमा सम्झौतामा उल्लेख भए वमोजिम उपचार प्राप्त हुनुपर्दछ । कार्यतालिका र सम्झौताअनुसार कार्य नगर्ने निर्माण व्यवसायी र पदाधिकारीलाई जिम्मेवार र जवाफदेही बनाई कार्य सम्पादन गर्नुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ५९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६० **अधुरा आयोजना**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही

समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष भुक्तानी दिन बाँकी दायित्व सारेका देहायअनुसार रु. ५१६१५००० का ३६ योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व विगत वर्षहरुको समेत वजेटमा समावेश गरी दायित्व सार्दै आएको छ । समयमा योजना सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

क्र.सं.	योजनाको नाम	वडास्तरीय/ नगरस्तरीय	सम्झौतारकम	भुक्तानी दिन बाँकी	सम्झौता भएको पक्षको नाम
3	गाइड बाँध मार्ग, दमक ७	नगरस्तरीय	13364101	2000000	कन्स्ट्रक्सन कन्सर्न प्रा.लि.
4	गोस्खानमा बधस्थल निमार्ण, वडा न. 7	नगरस्तरीय	2000000	200000	राधिका निर्माण सेवा
5	मुक्तिघाट निर्माण दमक-८	नगरस्तरीय	2407733	2000000	मुक्तिघाट निर्माण दमक-८ उपभोक्ता समिति
6	यलम्बर चोक दमक ५ देखि मोडल चोक हुदै दमक ४ मालपोत जोने सडक, दमक ४र ५	नगरस्तरीय	30000000	9500000	जे एण्ड जे निर्माण सेवा
7	विभिन्न सडकहरु मर्मत सम्भार कार्य, दमक (सडक बोर्ड नेपाल सँगसहकार्य)	नगरस्तरीय	12874307	5000000	सुम्निमा कन्स्ट्रक्सन
8	सिदार्थ बोडिङ छेउ रातेहोली कल्भर्ट, दमक ७, (क्रमागत)	नगरस्तरीय	1800000	500000	राधिका निर्माण सेवा
9	दिपिनी खोला झोलुङ्गे पुल निर्माण (लागत साझेदारी), दमक १०, (क्रमागत)	नगरस्तरीय	3200000	700000	उपभोक्ता समिति
10	काशी मार्ग र भगवती मार्ग जोड्ने जय र्मार्ग ग्राभेल गर्ने कार्य, दमक ४	नगरस्तरीय	236213.41	185000	काशी मार्ग र भगवती मार्ग जोड्ने जय र्मार्ग ग्राभेल गर्ने कार्य, दमक४ उपभोक्ता समिति
11	शितल मार्ग ढल निर्माण	नगरस्तरीय	771880.85	600000	शितल मार्ग ढल निर्माण उपभोक्ता समिति
12	राधामाधव टोलमा ढल तथा लकिङ लगाउने काम	नगरस्तरीय	1511729.8	1200000	राधामाधव टोलमा ढल तथा लकिङ लगाउने काम उपभोक्ता समिति
13	दमक अस्पताल निर्माण कार्य	नगरस्तरीय	10000000	5000000	बिग बि कन्स्ट्क्सन प्रा लि+ अनुभव+राधिका
14	हवल्दार चोकबाट शिवालय मार्गसम्म जाने सडकमा लकिङ्ग टाइल्स लगाउनेकार्य, दमक १	वडास्तरीय	500000	500000	उपभोक्ता समिति
15	वडा कार्यालय मार्ग स्तरोन्नति - उद्धव दाहालको घरदेखि वडाकार्यालयसम्म, दमक २	वडास्तरीय	100000	1100000	ठेक्का जेबि
16	मनु विर्ख मार्ग डेन निर्माण, दमक ४	वडास्तरीय	501620.64	160000	मनु विर्ख मार्ग डेन निर्माण, दमक ४ उपभोक्ता समिति
17	वडा कार्यालय र स्वास्थ्य चौकीमा ग्राउण्ड पुराई, दमक ४	वडास्तरीय	300000	300000	
18	पारिजात मार्ग ड्रेन निर्माण, दमक ४	वडास्तरीय	646946.41	500000	पारिजात मार्ग ड्रेन निर्माण, दमक ४ उपभोक्ता समिति
19	दाहिने गढी ढकन तथा लकिङ कार्य, दमक ६	वडास्तरीय	200000	200000	दाईनगढि उपभोक्ता समिति
20	संरक्षण टोलमा लकिङ टाइल्स लगाउने कार्य, दमक ७	वडास्तरीय	3202921.5	2000000	संरक्षण टोलमा लकिङ टाइल्स लगाउने कार्य, दमक ७ उपभोक्ता समिति
21	व्यायामशाला निर्माण, दमक ७	वडास्तरीय	700000	200000	ठेक्का

22	गिरी टोल मार्गमा ड्रेन तथा लकिङ टाइल्स, दमक ८	वडास्तरीय	870276.85	100000	गिरी टोल मार्गमा ड्रेन तथा लकिङ टाइल्स, दमक ८ उपभोक्ता समिति
23	मनकामना मार्ग ड्रेन निर्माण, दमक ८	वडास्तरीय	1038506.5	100000	मनकामना मार्ग ड्रेन निर्माण, दमक ८ उपभोक्ता समिति
24	मित्रता ब्याडमिन्टन हल मर्मत कार्य, दमक ८	वडास्तरीय	200000	150000	उपभोक्ता समिति
25	टेक्सी स्टेन दमक ७	नगरस्तरीय	1000000	500000	ठेक्का
26	विभिन्न विद्यालयहरुको पूर्वाधार निर्माण, दमक	नगरस्तरीय	2900000	2900000.00	शुभ नवरङ्ग कन्स्ट्रक्सन
27	वडा कार्यालय परिसरमा लकिङ टाइल्स तथा ट्रस निर्माण, दमक २	वडास्तरीय	1300000	1300000.00	ठेक्का
28	विद्युत विस्तार तथा सौन्दर्यकरण, दमक ६	वडास्तरीय	670000	670000.00	स्मार्ट पावर
29	कार्यालय भबन	नगरस्तरीय	4000000	4000000.00	के. के. आर. कन्ट्रकसन प्रा लि
30	दमक २ मा बिद्युत बिस्तार	नगरस्तरीय	500000	500000.00	
31	दमक अस्पताल उतर फुटपाथ निर्माण	नगरस्तरीय	150000	150000.00	
32	बिपत ब्यबस्थाप दमक १० मावा तथा रतुवा खोला	नगरस्तरीय	2000000	2000000.00	
33	बिपत ब्यबस्थाप दमक ४ मावा खोला	नगरस्तरीय	400000	400000.00	
34	लक्ष्मीनारायण मन्दिर दमक ३	नगरस्तरीय	2750000	2750000.00	विशोजीत निर्माण सेवा
35	सडक मर्मत दमक ४ (५ वटा)	नगरस्तरीय	1650000	1650000	
36	लाली गुरास मार्ग दमक ७	नगरस्तरीय	350000	350000	
			जम्माभुक्तानी दायित्व	**51,615,000**	

६१ **ढुकुरपानी माध्यमिक विद्यालय भवन निर्माण (ठेक्का नं. DMO/ JHAPA/BULDING/32/2077-078)**

ढुकुरपानी माध्यमिक विद्यालय भवन निर्माण भवन निर्माणको लागि निर्माण व्यवसायी किराँतेश्वर कन्ट्रक्सन एण्ड ड्रील कम्पनीसँग २०७८।३।३० मा कार्य सम्पन्न गर्ने रु. ५,६६,३४,१०९।३९ को निर्माण कार्य मिति २०७८।२।१९ मा संझौता गरेको देखियो । निर्माण व्यवसायीले तोकिएको म्याद भित्र कार्य सम्पन्न नगरेको कारण पालिकाले पत्र संख्या २०८०।०८१/ योजना च. नं. ३६३२ मिति २०८०।१०।०४ को पत्रवाट निर्माण व्यवसायीलाई कार्य ढिलो हुनुको कारण सम्वन्धमा स्पष्टिकरण सोधेको देखियो । पालिका र निर्माण व्यवसायी वीच भएको छलफल पश्चात २०८२।३।३० सम्ममा कार्यसम्पन्न गर्ने गरी म्याद थपेको देखियो । विद्यालयले लेखापरीक्षण अवधि २०८१।८।१० सम्ममा रु. ४६,४३,३०४।०४ को ठेक्का विल पेश गरेको छ ।

कार्यसम्पन्न प्रतिवेदन- कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.८.८ वमोजिम भवन निर्माणको लागि निकासा भएको रकमबाट विद्यालय निर्माण गरी सोको कार्य सम्पन्न प्रतिवेदन संलग्न गर्नुपर्ने उल्लेख छ । यो वर्ष पालिकाले ढुकुरपानी माध्यमिक विद्यालय दमक- ३ लाई विद्यालय निर्माणको लागि संघीय सरकारवाट प्राप्त शसर्त वजेटवाट विद्यालयलाई रु. १,००,००,०००/- निकासा भएको रकम रोक्का रहने गरी निकासा खर्च लेखेको छ । रोक्का रहेको रकम निर्माण व्यवसायीवाट प्राप्त रनिङ्ग विलवाट

विद्यालय निर्माणसँग सम्बन्धित कागजात विद्यालयले पालिकामा पेश गरेको छैन । तसर्थ विद्यालय निर्माणसँग सम्बन्धित कागजातहरु नापी किताव, कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजात पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,००,००,०००

६२ **सरस्वती माध्यमिक विद्यालय** (67/2081/3/22-):

कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं. २.८.८ वमोजिम भवन निर्माणको लागि निकासा भएको रकमबाट विद्यालय निर्माण गरी सोको कार्य सम्पन्न प्रतिवेदन संलग्न गर्नुपर्ने उल्लेख छ । यो वर्ष पालिकाले सरस्वती माध्यमिक विद्यालय दमक- ९ लाई अपाङ्ग मैत्री विद्यालय निर्माणको लागि संघीय सरकारवाट प्राप्त शसर्त वजेटवाट विद्यालय भवन निर्माणको लागि कुल लागत अनुमान रु. ९२,०४,८६१/- स्वीकृत भई मिति २०८१ वैशख १८ मा सूचना प्रकाशन भएकोमा सवभन्दा कम दर रु.६०,४२,७६०। ५६ कवोल गर्ने जय मनोज कन्ट्रक्सन प्रा.लि. संग संझौता भएको आधारमा विद्यालयलाई रु. ७५,००,०००/- निकासा भएको रकम रोक्का रहने गरी निकासा खर्च लेखेको छ । प्रथम चरणको ठेक्का रकमवाट वाँकी रहेको रकमवाट कार्य गर्ने गरी अर्को ठेक्का व्यवस्थापन भएको छ। थप कार्यको (ठेक्का नं. DMO/ JHAPA/BULDING/58/2080-081) वाट निर्माण व्यवसायी अञ्जली कन्ट्रक्सन तथा सप्लार्यससंग मिति २०८१।६।७ मा रु. २९,९८,४५६/०५ वरावरको निर्माण कार्यको संझौता भएको गरेको देखियो । सो सम्वन्धमा निम्न व्यहोरा देखिएको छ:

कार्य सम्पन्न प्रतिवेदन: विद्यालय निर्माणसँग सम्बन्धित कागजात विद्यालयले पालिकामा पेश गरेको छैन । तसर्थ विद्यालय निर्माणसँग सम्बन्धित कागजातहरु नापी किताव, कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजात पेश गर्नुपर्ने रु……

निकासा भएको रकम निर्माण व्यवसायीले पेश गरेको रनिङ् विलका आधारमा नगपालिकाको सिफारिश भए वमोजिम कट्टा गर्दै गएको देखियो । हाल लेखापरीक्षण अवधि मिति २०८१।८।१० सम्ममा निर्माण व्यवसायीले २ वटा रनिङ्ग विल पेश गरी रु. ५५,६१,८४१/- भुक्तानी लिएको छ ।

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **७,५००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६३ **दमक क्याम्पस निर्माण**

दमक क्याम्पस निर्माण कार्यको लागि २०७८।३।३१ सम्ममा कार्य सम्पन्न गर्ने गरी २०७८।२।३ मा निर्माण व्यवसायी नमूना वीर जे.भि.सँग रु. ८९४५०८६७।१४ मा संझौता गरेको देखियो । निर्माण व्यवसायीले समयमा कार्य सम्पन्न नगरेको कारण २०८१।३।२१ मा वसेको पन्ध्रौं नगरसभाले २०८२।३।३० सम्म म्याद थप गरेको छ । निर्माण व्यवसायीले यो वर्ष २ वटा रनिङ्ग विलवाट रु. १,००,००,०००/- भुक्तानी लिएको देखियो । हाल सम्म निर्माण व्यवसायीलाई रु. ६,७७,७०,४६६/- दिएको छ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम बमोजिम सम्झौता बमोजिमको अवधि भित्र सम्पन्न हुन नसकेका वा काम सम्पन्न हुन सक्ने अवस्था नदेखिएका खरिद सम्झौताका हकमा त्यस्ता आयोजनाको निर्माण व्यवसायीले पेस गरेको कार्यतालिका बमोजिमको कुन कुन काम के कस्तो कारणले हुन नसकेको हो सोको पुष्ट्याई र कार्य सम्पन्न गर्न लाग्ने अवधि खुलाइ संशोधित कार्यतालिका तथा म्याद थपका उक्त कार्य सम्पन्न गर्न लाग्ने वास्तविक थप अवधि यकिन गरी तथा कार्यसम्पादन जमानत, बिमा र पेश्की सम्बन्धी जमानतको अवधि कायम रहेको सुनिश्चित गरी बोलपत्र स्वीकृत गर्ने अधिकारीले म्याद थप गर्नुपर्ने साथै कार्य सम्पादन जमानतको म्याद ठेक्का संझौताको म्याद सकिने मितिले त्रुटी सच्याउने अवधिसम्मको हुनुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीले तोकिएको समयमा कार्य सम्पन्न गरेको देखिएन । पालिकावाट म्याद थप गर्दा उचित कारण भएमा मात्र म्याद थप हुनुपर्दछ ।

६४ **मदनडाँगी तारावारी डीपू सडक स्तरउन्नति**

मदनडाँगी तारावारी डीपू सडक स्तरउन्नति कार्यको लागि विश्व वैंकको ऋण सहयोग तथा नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजनाको समन्वयमा दमक नगरपालिक वडा नं. २,३, ४ र ५ समेटी निर्माण व्यवसायी कन्काई इन्टरनेशनल विल्डर्स प्रा. लि. झापासंग २०८२ असार ११ सम्ममा कार्यसम्पन्न गर्ने गरी मिति २०८० बैशाख ६ मा रु. ४४,२४,१५,५२७/-को निर्माण कार्यको संझौता भएको देखियो । ठेक्का संझौताको BOQ मा रहेका केही आइटमा थप भेरिएशन तथा केही छुट भएका आइटममा थप गरी भेरिएशन रु. ५,९१,८४,७६२/-(कुल भेरिएशन १३.३८ प्रतिशत) समेत थप गरी रु.५०,१६,००,२८९।– भएको छ ।यो आर्थिक वर्षसम्ममा चारवटा IPC पेश गरी रु. २४,५४,६८,३४७।८३ भुक्तानी भएको छ । सो सम्वन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन्:

• भेरिएशन परामर्श दातावाट तयार भएको डि.पि.आर. अनुसार ठेक्का संझौता भई कार्य भएकोमा देहाय अनुसारका आइटहरुमा थप भेरिएशन तथा केही नयाँ आइटम समेत थप निम्नानुसार भेरिएशन भएको छ । डि.पि.आर. तयार गर्दा परामर्शदाताले कम ध्यान दिई लागत अनुमान तयार भएको देखियो ।

क्र. सं.	आइटम	BOQ मा भएको परिमाण(MT)	दर	भेरिएशनपछि कायम भएको परिमाण (MT)	सुरु संझौता रकम	भेरिएशन रकम	कैफियत
१	Reinforcement (pcc for RCC)	96	-	383.5	10080000	43824620	10 प्रतिशतसम्म कवोल अंक नै कायम भएको वाँकी परिमाणमा २७७.९ मा नयाँ दर प्रति मे.टन. रु १,१७,८००/- रु. ३,२७,३६,६२०/- र BOQ मा भएको परिमाणको १० प्रतिशत ९.६ को प्रति मे टन रु.105000/- ले रु. 10,08,000/- समेत जम्म रु. 43824620/-
२	Reinforcement (box culverts works)	137	-	193.1	14385000	6433220	10 प्रतिशतसम्म कवोल अंक नै कायम भएको वाँकी परिमाणमा 42.4 मा नयाँ दर प्रति मे.टन. रु १,१७,८००/- रु. 4994720/- र BOQ मा भएको परिमाणको १० प्रतिशत 13.7 को प्रति मे टन रु.105000/- ले रु. 1438500/- समेत जम्म रु. 6433220/-
३	Providing paying and fixing 110 mm dia HDPE (6 kg pressure)	1600rm	1500			2400000	नयाँ आइटम
४	Spring of water in road during contraction for controlling dust	14 month	135000			1890000	नयाँ आइटम
५	Providing and painting two coats after filling the surface with synthetic enamel paint	4529.98sqm	600			2712588	नयाँ आइटम

परामर्श दाताले डिपिआरमा नालको काम तथा बक्स कल्भर्ट निर्माण कार्यमा डण्डी कम राखी दर विश्लेषण भएको कारण २८७.५ मेक्टिटन फलामे डण्ड वढी भेरीएशन भएको छ ।

उल्लेखित भेरिएशन गर्दा नयाँ आइटममा जिल्लादररेट लिई निर्माण व्यावसायीले कवोल गरेको घटी प्रतिशतलाई न्यूनतम रुपमा घटाई दुवै पक्षको सहमतिमा दररेट कायम गरेको छ ।

• निर्माण कार्यको वीमाको म्याद संझौता अवधिसम्मको भएपनि सामुहिक दुर्घटनाको सालिको वीमा कम्पनीमा गराईकोमा उक्त वीमा पोलिसीको म्याद ०२।०७।२०२४ सम्म मात्र रहेकोले म्याद थप गर्नु पर्ने देखिन्छ ।

६५ **हिमालय माध्यमिक विद्यालय**

हिमालय माध्यमिक विद्यालय भवन निर्माण भवन निर्मणको लागि निर्माण व्यवसायी किराँतेश्वर कन्ट्रक्सन एण्ड ड्रील कम्पनीसँग १२ महिनामा कार्य सम्पन्न गर्ने रु. ४,३६,१५,४६१।०० को निर्माण कार्य मिति २०७८।२।१९ मा संझौता गरेको देखियो । निर्माण व्यवसायीले तोकिएको म्याद भित्र कार्य सम्पन्न गरेको देखिएन ।उक्त निर्माण कार्यको २०८२।३।३० सम्ममा कार्यसम्पन्न गर्ने गरी म्याद थपेको देखियो । विद्यालयले लेखापरीक्षण अवधि २०८१।८।१० सम्ममा रु. ७९,१४,१७३/- को ठेक्का विल पेश गरेको देखियो ।

कार्यसम्पन्न प्रतिवेदन- कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.८.८ वमोजिम भवन निर्माणको लागि निकासा भएको रकमबाट विद्यालय निर्माण गरी सोको कार्यसम्पन्न प्रतिवेदन संलग्न गर्नुपर्ने उल्लेख छ । यो वर्ष पालिकाले ढुकुरपानी माध्यमिक विद्यालय दमक- ३ लाई विद्यालय निर्माणको लागि संघीय सरकारवाट प्राप्त शसर्त वजेटवाट विद्यालयलाई रु. १,००,००,०००/- निकासा भएको रकम रोक्का रहने गरी खर्च लेखेको छ । रोक्का रहेको रकम निर्माण व्यवसायीवाट प्राप्त रनिङ्ग विलवाट विद्यालय निर्माणसँग सम्बन्धित कागजात विद्यालयले पालिकामा पेश गरेको छैन । तसर्थ विद्यालय निर्माणसँग सम्बन्धित कागजातहरु नापी किताव, कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजात पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,००,००,०००

६६ **परामर्श सेवाको लागत अनुमान-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्ने विधि उल्लेख छ । सार्वजनिक निकायले सोही नियमावलीको नियम ९ को अधिनमा रही परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्वन्धित मन्त्रालयले तयार गरेको नर्म्स तयार गरेको भए त्यस्तो नर्म्स, सम्वन्धित परामर्श सेवाको कार्य क्षेत्र लगायतका विषयलाई ध्यानमा राखी लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले preparation of land zone maps, Digital Transport master plan with street database and Integration on web GIS portal तयार गर्न परामर्श दातावाट कार्य गराएको देखियो । पालिकाले देहाय अनुसार दर राखी लागत अनुमान तयार गरेको छ । उक्त कार्यको लागि लागत अनुमान तयार गर्दा कुन नर्म्स प्रयोग गरी लागत अनुमान तयार गरेको हो प्रष्ट हुने आधार पेश भएन । परामर्श दातावाट कार्य गराउँदा नर्म्स तयार गरी सो नर्म्सको प्रयोग गरी लागत अनुमान तयार हुनु पर्दछ ।

s.n.	Description of work	Unit	Quantity	Rate	Amount
A	To verification and all digital maps according to MTMP	KM	675	438.60	296055
	MTMP verification, evaluation and classifation	LS	1	282089	282089
	Out of station allowance for 10 persons				199200
	Report writing and stationary				5642
B	Preparation of land zone Maps				
	Land Use plan & Zoning through GIS	LS	1	556280	556280
	Workshop	No	10	4000	40000
C	Integrating				
	Software Development			323255	323255
	stationary and logistic support			6465	6465
	Total				1708985
	Contingency@4%				68395
	Vat 13%				222168
	Grand Total				1999513

६७ **अन्य संघ संस्था खर्च-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमका कार्यक्रममा रु. ६६५००० भुक्तानी दिएको छ । कार्यविधि वेगर यस्ता खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । यस्ता खर्चलाई नियन्त्रण गर्नुपदर्छ । केही उदाहरणहरुः

क्र.स.	गो.भौ. नं.	भुक्तानी पाउने	कर्यक्रम	भुक्तानी प्रयोजन	भुक्तानी रकम
१	२५३८।०८०।३।२२	दमक जेसिस	चालु	तालिम	५००००
२	६७५।०८०।७।१२	दमक युवा क्लब	सामाजिक संघ संस्था प्रवर्द्धन	पूजा	६००००
४	८५२।०८०।८।२०	किरात याक्थुङ थुलुङ्ग	सामाजिक संघ संस्था प्रवर्द्धन	कार्यक्रम	६००००
६	१०४६।०८०।९।२०	दमक नगर कृष्टियन सोसाइटी	सामाजिक संघ संस्था प्रवर्द्धन	शुभकामना	४००००
७	११२७।०८०।९।२९	प्रतिभा निकेतन	सामाजिक संघ संस्था प्रवर्द्धन	साहित्यिक अंक	१०००००
८	१२४५।०८०।१०।१६	पतञ्जली योग दमक	सामाजिक संघ संस्था प्रवर्द्धन	योग	७०००
९	१३२४।०८०।१०।२५	आरके विजनेश हाउस	सामाजिक संघ संस्था प्रवर्द्धन	बाजा खरिद	८८०००
१०	१५४८।०८०।१२।२	नेपाल तामाङ्ग घेदुङ्ग	सामाजिक संघ संस्था प्रवर्द्धन	लोसार पर्व	४००००
११	१५७०।०८०।१२।४	प्रेस चौतारी नेपाल	सामाजिक संघ संस्था प्रवर्द्धन	बार्षिक उत्सव	२५०००
१२	१६५०।०८०।१२।१३	नामग्याल ठुछे जिम्वल गुम्बा	सामाजिक संघ संस्था प्रवर्द्धन	भ्रमण	१२५०००
१३	१९०६।०८१।१।१०	नेपाल कुमाल समाज	सामाजिक संघ संस्था प्रवर्द्धन	आदिवासी दिवस	२००००
१४	३०१।०८०।११।१८	विपी स्मृति प्रतिष्ठान भवन निर्माण समिति		भवन निर्माण	५०७५१९
१५	३९८।०८०।१२।२८	विपी स्मृति प्रतिष्ठान भवन निर्माण समिति		भवन निर्माण	४६७४००
जम्मा					६६५०००

६८ **बहस खर्चः**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । नगरपालिकाले मुद्धा प्रतिरक्षा शीर्षकबाट देहायबमोजिम कानून व्यवसायीलाई प्रति बहस के कति रकम भुक्तानी गर्ने र अन्य सुविधा के उपलव्ध गराउने सम्झौता नगरी रु. ४५६०००.०० भुक्तानी गरेको छ । सम्झौता गरी कार्य सम्पादन गर्नुपर्दछ ।

गो.भौ.नं./ मिति	**भुक्तानी लिनेको नाम**	**भुक्तानी रकम रु.**	**प्रयोजन**
१३५।०८०।५।३०	श्री नारायण प्रसाद भट्टराई	१४१०००.००	मुद्धा प्रतिरक्षा बहस
१३७।०८०।५।३०	श्री नारायण प्रसाद भट्टराई	६००००.००	मुद्धा प्रतिरक्षा बहस
१७५८।०८०।१२।२५	श्री हिरन्य प्रसाद अधिकारी	७८१२१.००	मुद्धा प्रतिरक्षा बहस, यातायात खर्च(काठमाडौं- बिराटनगर)
	श्री खगराज कट्टेल	४००००.००	मुद्धा प्रतिरक्षा बहस
	श्री माधव बस्नेत	८१८७९.००	मुद्धा प्रतिरक्षा (खाजा खाना)
१७८३।०८०।१२।२६	श्री मोहन कुमार अधिकारी	५५०००.००	मुद्धा प्रतिरक्षा बहस
जम्मा		४५६०००.००	

६९ **सेवा खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने एवं सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ (१) र (१ ख) मा व्यवस्था भए वमोजिम एक आर्थिक वर्षमा एकै पटक वा पटक -पटक गरी सीमा

भन्दा वढी रकमको एउटै व्यक्ति,फर्म, कम्पनी वा संस्थावाट सोझै खरिद गर्न नसकिने व्यवस्था छ । पालिकाले खरिद कार्य पटक पटक सोझै खरिद गरी रू. ३०९०३६४.०० भुक्तानी गरेको देखियो । नियमानुसारका खरिद विधि नअपनाई सोझै खरिद कार्य गरेको नियमसम्मत नदेखिएको रु.,

गो.भौ.नं./मिति	**सेवाप्रदायक**	**कामकोविवरण**	**भुक्तानीरकम**
१६८९।०८०।१२।१५	पाथिभरा कुलीनरी आर्ट प्रा.लि.	ड्राइभिङ तालिम	४९९९५०.००
२५१६।०८०।१२।१५	पाथिभरा कुलीनरी आर्ट प्रा.लि.	महिला ड्राइभिङ तालिम	१५००००.००
१६९४।०८०।१२।१५	चन्द्र सुर्य सिप विकास सँस्था प्रा.लि.	बारिस्ता कफी बनाउने तालिम	४९९९५०.००
१७९३।०८०।१२।१५	चन्द्र सुर्य सिप विकास सँस्था प्रा.लि.	बारिस्ता कफी बनाउने तालिम	२२२२७९.००
२२९२।०८१।३।३	चन्द्र सुर्य सिप विकास सँस्था प्रा.लि.	ब्यूटिशियन तालिम	९९५००.००
२३७०।०८१।३।११	चन्द्र सुर्य सिप विकास सँस्था प्रा.लि.	एडभान्स्ड ब्यूटिशियन तालिम	१०४८६०.००
२३७०।०८१।३।३)	चन्द्र सुर्य सिप विकास सँस्था प्रा.लि.	बारिस्ता कफी बनाउने तालिम	४०००००.००
२४२२।०८१।३।१४	चन्द्र सुर्य सिप विकास सँस्था प्रा.लि.	बारिस्ता कफी बनाउने तालिम	९९५००.००
२४५०।०८१।३।१६	चन्द्र सुर्य सिप विकास सँस्था प्रा.लि.	ड्राइभिङ्ग तालिम	७९९९९.००
२५१४।०८१।३।२१	चन्द्र सुर्य सिप विकास सँस्था प्रा.लि.	ब्ल्व मर्मत तालिम	९९५००.००
१६४१।०८०।१२।१३	साइवर स्पेश कम्प्युटर इन्ष्टिच्यूट	महिला युवा लक्षित सिप विकास तालिम	९९०००.००
१८१९।०८०।१२।१३	साइवर स्पेश कम्प्युटर इन्ष्टिच्यूट	लोकसेवा तयारी कक्षा संचालन तालिम	४१७२००.००
२६४०।०८१।३।२४	साइवर स्पेश कम्प्युटर इन्ष्टिच्यूट	कम्प्युटर तालिम	४१३०००.००
जम्मा			३०९०३६४.००

अनियमित भएको	३०,९०,३६४

७० **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च**

पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वियन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । पालिकाले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका विभिन्न खर्चलाई पूँजीगत शीर्षकबाट रु. ७२२३० भुक्तानी दिएको छ । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ । केही उदाहरणहरु:

क्र. सं .	गो. भौ . नं . र मिति	भुक्तानी पाउने संस्थाको नाम	प्रयोजन	रकम रु.
१	७२।०८०।६।२६	लक्षे राई	वडा सिफारिस	१३२९७
२	१५७।०८०।९।१७	गजेन्द्र वि क	वडा सिफारिस	३४६५
३	१६७।०८०।९।१९	वेनु प्रसाद चुडाल	वडा नं. ८ सिफारिस	११९३०
४	२०९।०८०।१०।२	गंगा बराइली		५९४०
५	२२३।०८०।१०।१०	अदैत संस्था	वडा नं. ८ सिफारिस	२२१७५
६	४४३।०८१।१।१८	नारायण प्रसाद घिमिरे		३२००
७	४७२।०८१।२।२	डमर बल्लभ	वडा नं. ६	६०१४
८	६००।०८१।३।१२	माहालाल फियाक		३०००
९	७४६।०८१।३।२३	बल्बभ धिताल	वडा नं. ५ सिफारिस	४००९
जम्मा				७२२३०

७१ **लागत अनुमान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसामान खरिद कार्यको लागत अनुमान तयार गर्ने विधि उल्लेख छ । सार्वजनिक निकायले सोही नियमावलीको नियम ९ को अधिनमा रही मालसामान खरिद कार्यको लागत अनुमान तयार गर्दा सम्वन्धित मन्त्रालयले तयार गरेको नर्म्स ध्यानमा राखी लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । लागत अनुमान तयार गर्दा जिल्ला दररेट भए सो दरमा सो नभए अन्य विधि अपनाई दर विश्लेषण गर्नु पर्ने व्यवस्था छ । पालिकाले खरिद भएका सामानको लागत अनुमान तयार गर्दा ३ वटा आर्पूतकवाट दरभाउ माग गरी सव भन्दा कम दर पेश गर्ने धरान फाइबर ग्लास प्रा. लि. सुनसरीसँग वडा नं १० मा व्यायामशाला सामाग्रीहरु खरिद तथा जडान कार्यको लागि २०८१।२।४ मा रु. ४ लाखको सम्झौता भई रु. ३९३३५३/- भुक्तानी खर्च लेखेको छ । लागत अनुमान तयार गरेर मात्र सामान खरिद हुनुपर्दछ ।

७२ **व्यायामशाला सामाग्रीहरु खरिद** (७०८-२०८१-३-२१):

पालिका र धरान फाइबर ग्लास प्रा. लि. सुनसरी बीच वडा नं. १० मा व्यायामशाला सामाग्रीहरु खरिद तथा जडान कार्यको लागि २०८१।२।४ मा रु.४ लाखको सम्झौता भई रु.३,९३,३५३/- भुक्तानी खर्च लेखेको छ । सम्झौता अनुसार विभिन्न ७ सेट व्यायामशाला सामाग्रीहरु खरिद गरेकोमा सोको सम्पत्ति अभिलेख रहेको छैन । खरिद तथा जडान भएका सामग्रीहरुको पालिकाले सम्पत्ति अभिलेख राखेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	३,९३,३५३

७३ **जटिल संरचना निर्माण-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउनुपर्दछ । केही उदाहरणहरु:

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	कार्य सम्पन्न रकम
१५, २०८०।५।३१	धिमाल संस्कृतिक संग्राहलय निर्माण दमक-९	भवन निर्माण	२२५८०६८
४९, २०८०।६।१९	हाम्रो बाल गृह निर्माण उस	भवन निर्माण	३३००८७७
२३९, २०८०।१०।२१	सेफहाउस भवन निर्माण उस	भवन निर्माण	५००३६७५

७४ **लागत सहभागिता-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउन सक्ने व्यवस्था छ। उपभोक्ता समितिबाट कार्य गराउँदा समितिले व्यहोर्नुपर्ने रकम समावेश गरेको हुनुपर्दछ। पालिकाले निम्नलिखित कार्यको लागि उपभोक्ता समितिसँग गरेको सम्झौता बमोजिमको प्रतिशतमा लागत सहभागिता रकम कट्टि गरेको छैन। घटि लागत सहभागिता भएको रु. १,५२,०३६ सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

गोभौ नं	उपभोक्ता समितिक	कार्य सम्पन्न रकम	सम्झौतामा लागत सहभागिता हुनुपर्ने प्रतिशत	लागत सहभागिता	हुनुपर्ने लागत सहभागिता	अपुग रकम
१६, २०८०।६।१	धिमाल कृषि तथा युवा विकास समिति दमक-४	६०७३८४	१०.१४	७३८४	६१५८८	५४२०४
४०२, २०८०।१२।२८	जेष्ठ नागरिक उत्तर बाटो निर्माण उस दमक-५	५२३७७८	१७.१६	६५०००	८९८८०	२४८८०
६५८, २०८१।३।१९	समावेशी मार्गको अधुरो कार्य उस दमक-९	१७१२२०	४८.८१	२१२२०	८३५७२	६२३५२
७३६, २०८१।३।२३	मनु वृख मार्ग सडक ग्राभेल उस दमक- ४	२९९४३६		५००००	६०६००	१०६००
जम्मा						१५२०३६

असुल गर्नुपर्ने	१,५२,०३६

७५ **कर कट्टि** - (३४-२०८०-६-१४):

आयकर ऐन, २०५८ को दफा ८८ अनुसार श्रोतमा कर कट्टी गरि भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले खानेपानी विस्तार कार्यक्रम अन्तर्गत दमक खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई भ्याट विल बापतको रकम रु.३,५८,५७६ भुक्तानी गर्दा १.५ प्रतिशत करकट्टी नगरी भुक्तानी गरेकोले कर रु. ५३७८ सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	५,३७८

७६ **फरक नर्म्स प्रयोग-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स प्रयोग गर्नुपर्ने व्यवस्था छ। सडक सम्बन्धी कार्य गर्ने सार्वजनिक निकायले सडक विभागबाट स्वीकृत Norms for Rate Analysis of Road and Bridge Works,2075 ले तोकिदिए बमोजिम निर्माण कार्यको दररेट विश्लेषण गरि लागत अनुमान तयार गर्नुपर्दछ । पालिकाले उपभोक्ता समितिबाट सडक सम्बन्धी निर्माण कार्य गराउँदा सडक विभागबाट स्वीकृत नर्म्सको प्रयोग नगरी भवन सम्बन्धी नर्म्स प्रयोग गर्दा रु. ४,०२,१११ बढी व्ययभार पर्न गएको छ । पालिकाले उपभोक्ता समितिबाट निर्माण कार्य गराउदा सम्बन्धित नर्म्सको प्रयोग गर्नुपर्दछ ।

गोश्वारा भौचर	उपभोक्ता समिति	कार्य	परिमाण	भएको दररेट	हुनुपर्ने दररेट	आनुपातिक कट्टी पछिको बढि भुक्तानी
१, २०८१।३।२४	इन्द्रेणी ताल संरक्षण उस	PCC 1:2:4	२३.४७	११२०५	१०७४९	९०९३
४९२, २०८०।२।१६	जेसिस सामुदायिक भवन निर्माण उस	Brick work 1:4	१८.४९	१५१३५	१३९९१	१७०६५
८, २०८०।५।२९	कन्काई टोल उस	PCC 1:2:4	१०२.३ (अद्यावधिक कार्य)	११७२२	९०७८	२७०४७३
७७, २०८०।७।१	उन्नती मार्ग टोल उस	PCC 1:2:4	३५.०८	११७२२	१०७४९	१८७७३
९८, २०८०।७।२३	काशी मार्ग ड्रेन निर्माण मर्मत सम्भार कार्य उस	PCC 1:2:4	२९.९६	११२०५	१०७४९	१०५५९
१०८, २०८०।८।१४	जनजागरण टोलमा ड्रेन तथा ग्राभेल निर्माण उस	PCC 1:2:4	९.०८	११२०५	१०७४९	३७२६
१८६, २०८०।९।२५	निलकण्ठ मार्गमा ढल तथा ग्राभेल निर्माण उस	PCC 1:2:4	९.५९	११२०५	१०७४९	३२४५
२०१, २०८०।११।८	लक्ष्मी मार्ग बाटो निर्माण उस	PCC 1:2:4	१७.४३	११२०५	१०७४९	५५६३
२१०, २०८०।१०।३	ढुङ्गे कल्भर्ट निर्माण उस	PCC 1:2:4	२२.५९	११२०५	१०७४९	८१८४
२४९, २०८०।१०।२३	देवीथान मार्ग निर्माण उस	PCC 1:2:4	१०.०२	११२०५	१०७४९	३५६३
३०२, २०८०।११।१८	क्षितिज टोल विकास संस्था ढल निर्माण उस	PCC 1:2:4	१६.५०	११०५	१०७४९	७५१३
३६०, २०८०।१२।१३	बसन्त टोल दक्षिण मनोज गोश्वामीको घर अगाडीको ड्रोन निर्माण उस	PCC 1:2:4	१४.५५	११०५	१०७४९	५१०८
३८२, २०८०।१२।२५	देवेन्द्र राईको घर आसपासका सडकहरु ड्रेन सहित ग्राभेल उस	PCC 1:2:4	२५.३६	११०५	१०७४९	७७४७
४००, २०८०।१२।२८	बाटो ड्रेन निर्माण उस	PCC 1:2:4	२०.७३	११०५	१०७४९	९४२६
४०३, २०८०।१२।२८	जनता मार्ग उस	PCC 1:2:4	२५.१७	११०५	१०७४९	८६०८
७३८, २०८१।३।२३	मनकामना मार्ग ड्रेन निर्माण उस	PCC 1:2:4	१६.३२	११०५	१०७४९	५०६०
५४९, २०८१।३।४	पाँचथरे मार्ग निर्माण उस	PCC 1:2:4	१३.२८	११०५	१०७४९	३६३३
जम्मा						३९७३३९

७७ **साकेलाथान उत्तर खुवा खोला तटबन्धन-**

सार्वजनिक खरिद ऐन, २०६३ दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। साकेलाथान नदि नियन्त्रण उपभोक्ता समिति दमक-१ लाई दुई आ. व. कार्यको लागि मिति २०८०।२।१९ मा रु ५५,०३,९५८ को सम्झौता भई उपभोक्ता समितिले रु ५५,००,५७२ बराबरको कार्यको बिल पेश गरेकोमा अनुपातिक कट्टि पश्चात रु ४८,७४,३४५ भुक्तानी भएको छ ।यस सम्बन्धी देखिएका व्यहोरा देहाय बमोजिम छन्:

७७.१ (१७८-२०८०-९-२३):

पालिकाले दर विश्लेषण अनुसार खन्ने कार्यको लागि प्रति घनमिटर रु. ९६.१९ राख्नु पर्नेमा रु. २६५.५७ राखि ६०४.१३ घन मिटरको रु ५८११९/- भुक्तानी हुनुपर्नेमा रु. १६०४३८/- भुक्तानी गरेको छ। फरक रकम रु. १०२२३७/- मा ११.३८ प्रतिशतले जन सहभागिता रु. ११६३५/- कट्टी गरी रु. ९०६०२/- बढी भुक्तानी उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

कामको विवरण	**आव २०७९।८० भएको कार्य परिमाण**	**आव २०८०।८१ भएको कार्य परिमाण**	**जम्मा परिमाण**	**कुल भुक्तानी भएको रकम**	**११.३८ प्रतिशत अनुपातिक कट्टि पश्चात**
Earthwork for lunching with excavation by machine	**526.50**	**77.63**	**604.13**	**१०२३२७**	**९०६०२**

असुल गर्नुपर्ने	९०,६०२

७७.२ **तटबन्धन निर्माण-** पालिकाले तटबन्धन (Embankment) निर्माण गर्दा भर्ने तथा पुर्ने सम्बन्धी सम्पुर्ण कार्यका लागि प्रति घनमिटर रु. २६५.५७ दरमा कुल कार्य ५२५७.९९ घनमिटरको लागि रु. १३९६३६४ भुक्तानी गरेको छ। पालिकाले Earthwork excavation in river bed material and filling with the same material for embankment construction including transportation, spreading and dressing of soil all complete as per design, drawing and specification. (Mechanical lead 300-400m for 100m3) कार्यको लागि मात्र दररेट रु. २६५. ५७ विश्लेषण गरेको तथा अन्य भर्ने पुर्ने कार्यहरुको लागि प्रति घनमिटर रु. ५३.७६ रहेको अवस्थामा सम्पुर्ण कार्यमा समान दर रु. २६५.५७ राखि भुक्तानी गरेको छ। पालिकाले लागत अनुमान तथा नापि तयार गर्दा यस सम्बन्धी कार्य विवरणमा Earthwork with filling Dam by Machine मात्र राखेको तथा कार्यको design, drawing नभएको अवस्थामा सम्पूर्ण Filling सम्बन्धी कार्य रु. २६५.५७ मा भएको निश्चित हुने अवस्था छैन। पालिकाले Felling सम्बन्धी भुक्तानी गरेको रु. १३,९६,३६४ का सम्बन्धमा यकिन हुनुपर्दछ।

पालिकाको भनाई अनुसार सम्पुर्ण पुर्ने सम्बन्धी कार्य Earthwork excavation in river bed material and filling with the same material for embankment construction including transportation, spreading and dressing of soil all complete as per design, drawing and specification. (Mechanical lead 300-400m for 100m3) बमोजिम भएको हो तर कार्य विवरणमा भुलबस Earthwork with filling Dam by Machine मात्र हुन गएको जनाएको छ । उक्त तटवन्धन निर्माण कार्यको स्थलगत निरीक्षण गर्दा समेत निर्माण कार्य भएको तर नापी कितावमा चढाउँदा फरक परेको देखिन्छ ।

७८ **लकिङ्ग टायल्स ल्याब टेस्ट-**

७८.१ ल्याबटेष्ट विल- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपभोक्ता समितिले कामको ल्याब टेष्ट गरि विल पेश गरेमा विल बमोजिम रकम भुक्तानी गर्ने गरी लागत अनुमान तयार गरेको छ। देहायबमोजिमका उपभोक्ता समितिले लकिङ्ग टायल्स सम्बन्धी कार्यको ल्याबटेष्ट विल पेश गरि रु. २०००० भुक्तानी भएको छ । उक्त विल विजक सम्बन्धित उपभोक्ता समितिको नाममा नभएको, फोटोकपि गरिएको विलमा उल्लेखित ३ उपभोक्ता समितिले पेश गरेको विल नम्बर समेत एउटै रहेको छ। एउटै विजक फरक फरक कार्यमा प्रयोग भएको देखिएकाले उक्त विजक यकिन गरी असुल गर्नु पर्ने रु.

गौभौ नं	उपभोक्ता समिति	कार्य	विल जारि गर्ने निकाय	विल नं	विल बापतको भुक्तानी
४७६, २०८१।२।६	देउराली टोल लकिङ्क टायल्स निर्माण उस	लकिङ्क टायल्स	मदन भण्डारी मेमोरियल एकेडेमी नेपाल, मोरङ्ग	2080/81-03077	५०००
४७५, २०८१।२।६	शिखर टोल लकिङ्क टायल्स निर्माण उस	लकिङ्क टायल्स	मदन भण्डारी मेमोरियल एकेडेमी नेपाल, मोरङ्ग	2080/81-03077	१००००
५४६, २०८१।३।१३	विजयटोल लकिङ्क टायल्स निर्माण उस	लकिङ्क टायल्स	मदन भण्डारी मेमोरियल एकेडेमी नेपाल, मोरङ्ग	2080/81-03077	५०००
जम्मा					२००००

असुल गर्नुपर्ने	२०,०००

७८.२ **बढी भुक्तानी**- कञ्चन मार्ग स्तरोन्नति उपभोक्ता समितिले रु. ४५००/- को निर्माण कार्यको ल्याब टेष्ट विल पेश गरेकोमा रु. १००००/- भुक्तानी गररेको छ । विल भन्दा बढी भुक्तानी भएको रु. ५,५००/- सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	५,५००

७९ **करार कर्मचारीलाई संचयकोष थपः**

नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७९।१।१५ को निर्णय बमोजिम २०७९।१।२१ को परिपत्र अनुसार करार सेवामा कार्यरत कर्मचारीलाई तोकिए बमोजिम मासिक पारिश्रमिक, तीन महिना काम पुरा गरेका कर्मचारीलाई शुरु तलव स्केल बराबरको एक महिनाको चाडपर्व खर्च र वर्षको एक पटक रु. १००००.०० पोशाक भत्ता दिन सकिने व्यवस्था छ । नगरपालिकाले माथि उल्लेखित सुविधा बाहेक निम्नानुसारका करार कर्मचारीको शुरु तलव स्केलको १० प्रतिशत संचय कोष कट्टी गरी नगरपालिकाको तर्फबाट थप १० प्रतिशत रु.१३७५७२३.२० भुक्तानी गरेको देखियो । नेपाल सरकार अर्थ मन्त्रालयको निर्णय विपरित भुक्तानी भएको रु. १३७५७२३.२० सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

क्र.स.	कर्मचारीकोनाम	तलव रकम रु.	१० प्रतिशत सञ्चय कोष थप	भुक्तानी गरेको महिना संख्या	कुल भुक्तानी रकम रु.
१	लक्ष्मीन्यौपाने	४३,६८९.००	4368.9	६	26213.4
२	समीप चुडाल	४३,६८९.००	4368.9	६	26213.4
३	कमला पौडेल	३४,७३०.००	3473	६	20838
4	चेतन निरौला	३४,७३०.००	3473	६	20838
5	जयमन्त पंडित	३४,७३०.००	3473	६	20838
6	धर्मेन्द्र रिमाल	३४,७३०.००	3473	६	20838
८	प्रभा खतिवडा	३४,७३०.००	3473	६	20838
9	बिकला राई	३४,७३०.००	3473	६	20838
१0	मेलिना घिमिरे	३४,७३०.००	3473	६	20838
११	रुद्रबहादुर कार्की	३४,७३०.००	3473	६	20838
१२	सबिना भट्टराई	३४,७३०.००	3473	६	20838
१३	चन्द्रकला निरौला	३२,९०२.००	3290.2	६	19741.2
१४	ज्ञानेन्द्र गौतम	३२,९०२.००	3290.2	६	19741.2
१५	देवीप्रसाद काफ्ले	३२,९०२.००	3290.2	६	19741.2
16	निर बहादुरश्रेष्ठ	३२,९४८.००	3294.8	६	19768.8
17	निर्मला गुरागाई दाहाल	३२,९०२.००	3290.2	६	19741.2
18	निरोज भण्डारी	३२,९०२.००	3290.2	६	19741.2
19	प्रेमचन्द्र वास्तोला	३२,९०२.००	3290.2	६	19741.2
२0	पारसमणि गौतम	३२,९०२.००	3290.2	६	19741.2
२1	बिक्रम कार्की	३२,९०२.००	3290.2	६	19741.2
२2	बिष्णु पौडेल	३२,९०२.००	3290.2	६	19741.2
23	मिना बराल घिमिरे	३२,९०२.००	3290.2	६	19741.2
24	रिना शाह	३२,९०२.००	3290.2	६	19741.2
25	शोभा भण्डारी	३२,९०२.००	3290.2	६	19741.2
26	सावित्रा पौडेल	३२,९०२.००	3290.2	६	19741.2
27	हिमालय सिग्देल	३२,९०२.००	3290.2	६	19741.2
28	हिरा मायापोख्रेल	३२,९०२.००	3290.2	६	19741.2
29	धन कुमारयोङ्या	२९,७२८.००	2972.8	६	17836.8
३0	रोसनतामाङ्ग	२९,७२८.००	2972.8	६	17836.8
३1	शिवजीधिमाल	२९,७२८.००	2972.8	६	17836.8

३2	अर्जुन राई	२७,६१२.००	2761.2	६	16567.2
33	लिला बस्तकोटी	२७,६१२.००	2761.2	६	16567.2
34	विर मानतामाङ्ग	२७,६१२.००	2761.2	६	16567.2
35	श्यामकुमार पौडेल	२७,६१२.००	2761.2	६	16567.2
36	सुमन गुरागाई	२७,६१२.००	2761.2	६	16567.2
37	हिमालय गुरागाई	२७,६१२.००	2761.2	६	16567.2
38	इन्दिरा गड्तौला	२४,७०२.००	2470.2	६	14821.2
39	ओम प्रकाशराई	२४,७०२.००	2470.2	६	14821.2
४0	कमलाश्रेष्ठ	२४,७०२.००	2470.2	६	14821.2
४1	कुमार बुढाथोकी	२४,७०२.००	2470.2	६	14821.2
42	कल्पना घिमिरे	२४,७०२.००	2470.2	६	14821.2
43	गिता खत्री	२४,७०२.००	2470.2	६	14821.2
44	गोमातामाङ्ग	२४,७०२.००	2470.2	६	14821.2
45	जय रामपौडेल	२४,७०२.००	2470.2	६	14821.2
46	जिबनकोईराला	२४,७०२.००	2470.2	६	14821.2
47	टंक कार्की	२४,७०२.००	2470.2	६	14821.2
48	डिल्लीवहादुर बुढाथोकी	२४,७०२.००	2470.2	६	14821.2
49	तेज बहादुरअधिकारी	२४,७०२.००	2470.2	६	14821.2
५0	ताराखतिवडा	२४,७०२.००	2470.2	६	14821.2
५1	दुर्गाप्रसाद उपाध्याय	२४,७०२.००	2470.2	६	14821.2
52	दावादोर्जे तामाङ्ग	२४,७०२.००	2470.2	६	14821.2
53	दिपेन्द्रश्रेष्ठ	२४,७०२.००	2470.2	६	14821.2
54	दील बहादु रदर्जी	२४,७०२.००	2470.2	६	14821.2
55	नरेश खवास	२४,७०२.००	2470.2	६	14821.2
56	निर्मला भट्टराई	२४,७०२.००	2470.2	६	14821.2
57	निशा धिमाल	२४,७०२.००	2470.2	६	14821.2
58	निशा धिमाल	२४,७०२.००	2470.2	६	14821.2
59	पुनम डुम	२४,७०२.००	2470.2	६	14821.2
60	पूनम भट्टराई	२४,७०२.००	2470.2	६	14821.2
६1	पुर्ण मायाभुजेल	२४,७०२.००	2470.2	६	14821.2
62	पवित्रान्यौपाने मिश्र	२४,७०२.००	2470.2	६	14821.2
63			2470.2		14821.2

	मदनतिम्सिना	२४,७०२.००		६	
64	मन्जुनेपाल	२४,७०२.००	2470.2	६	14821.2
65	मुना देवीपोख्रेल	२४,७०२.००	2470.2	६	14821.2
66	मुस्कानफियाक	२४,७०२.००	2470.2	६	14821.2
67	महेन्द्रन्यौपाने	२४,७०२.००	2470.2	६	14821.2
68	महेन्द्रप्रसाद भट्टराई	२४,७०२.००	2470.2	६	14821.2
69	मिनाकुमारी पुरी	२४,७०२.००	2470.2	६	14821.2
७0	रजना तिवारी बास्कोटा	२४,७०२.००	2470.2	६	14821.2
७1	रमेश कुमारथापा	२४,७०२.००	2470.2	६	14821.2
72	रमेशपोख्रेल	२४,७०२.००	2470.2	६	14821.2
73	विक्की कुमार केशरी	२४,७०२.००	2470.2	६	14821.2
74	शान्ती मानखत्री	२४,७०२.००	2470.2	६	14821.2
75	संगिता नेपाल	२४,७०२.००	2470.2	६	14821.2
76	संजिवदंगाल	२४,७०२.००	2470.2	६	14821.2
77	संदिप मलीक	२४,७०२.००	2470.2	६	14821.2
78	सुनिता कुमाल	२४,७०२.००	2470.2	६	14821.2
79	सुनिल साहु	२४,७०२.००	2470.2	६	14821.2
८0	सुरेस डुम	२४,७०२.००	2470.2	६	14821.2
८1	सवनमकार्की	२४,७०२.००	2470.2	६	14821.2
82	सुवास माझी	२४,७०२.००	2470.2	६	14821.2
जम्मा					१३७५७२३.२०

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **१८,७५४.२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **२०,८३८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **१८,७५४.२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **१९,७४१.२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **१९,७४१.२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **१९,७४१.२**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **१९,७४१.२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **१७,७६७.१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **१६,५६७.२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१३,७५,७२३.२

८० **न्यायिक समिति फिल्ड भत्ताः**

गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ६ मा अनुसूची ३ बमोजिम बैठक भत्ता पाउने व्यवस्था छ । ऐनले न्यायिक समितिका सदस्यका लागि त्यो सुविधा बाहेका अन्य कुनै फिल्ड भत्ताको व्यवस्था गरेको छैन । नगरपालिकाले निम्नानुसारका पदाधिकारीलाई गो.भौ.नं. / मिति ४३०।०८०।६।४ बाट रु. २,४९,००.०० र गो.भौ.नं. / मिति २६३५।०८१।३।२४ बाट ११८०००.०० समेत रु. ३६७०००.०० भुक्तानी गरेको देखियो । ऐनको व्यवस्था विपरित भुक्तानी भएको रकम कर कट्टी बाहेक रु. १३२६००/- सम्बन्धितबाट असुल गर्नुपर्ने रु.,

क्र.स.	पदाधिकारीको नाम	भुक्तानी रकम रु	कर कट्टी रकम रु.	कर कट्टी बाहेक असुल गर्नुपर्ने रु.
१	सदस्य श्री कमल बहादुर श्रेष्ठ	६९६००.००	१०४४०.००	५९१६०.००
२	सदस्य श्री शोभा देवी वेलवासे	६८४००.००	१०२६०.००	५८१४०.००
३	अमिन श्री ज्ञानेन्द्र गौतम	१८०००.००	२७००.००	१५३००.००
जम्मा		१५६०००	२३४००	१३२६००

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२१** को निर्णयले रू **६६,६४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२१** को निर्णयले रू **५९,१६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२१** को निर्णयले रू **४९,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१,३२,६००

८१ **पारिश्रमिक कर**- (१४३-२०८०-५-३):

आय कर ऐन, २०५८ को दफा ८८ मा सेवा कार्यमा भुक्तानी गर्दा श्रोतमा १५ प्रतिशत अग्रिम कर कट्टी गरी भुक्तानी गर्नुपेने व्यवस्था छ । वडा नं. ५ लाई बालमैत्री वडा घोषणा गर्ने कार्यको लागि देहायका व्यक्तिलाई विभिन्न मितिमा बैठक बसे वापत भत्ता रकम रु. ३६०००.०० भुक्तानी गर्दा नियमानुसार कट्टी गर्नुपर्ने कर रकम रु. ५४००.०० कट्टा नगरी भुक्तानी दिएको देखियो । नियमानुसार लाग्ने कर सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.,

क्र.स.	पदाधिकारीको नाम	भुक्तानी रकम रु.	कर रकम रु.
१	संयोजक यम बहादुर अधिकारी	४०००.००	६००.००
२	सचिव श्री गणेश प्रसाद बराल	४०००.००	६००.००
३	सदस्य श्री राधा पराजुली	४०००.००	६००.००
४	सदस्य श्री होमराज खतिवडा	४०००.००	६००.००
५	सदस्य श्री सुरेन्द्र श्रेष्ठ	४०००.००	६००.००
६	सदस्य श्री सिताराम खतिवडा	४०००.००	६००.००
७	सदस्य श्री नेत्र कला सिटौला	४०००.००	६००.००
८	सदस्य श्री नारायण कुमार बस्नेत	४०००.००	६००.००
९	सदस्य श्री कृष्णा देवी बराल	४०००.००	६००.००
जम्मा		३६०००.००	५४००.००

असुल गर्नुपर्ने	५,४००

८२ **भूमि आयोग खारेज पछिको तलब खर्च** –

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८० चैत्र ८ गतेको निर्णयको बुदा नं २६ मा भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय अन्तर्गतको राष्ट्रिय भूमि आयोग विघटन गर्ने निर्णय भएको छ । पालिका मातहतमा रहेको भूमि आयोगमा ९ जना कर्मचारीहरु करारमा कार्यरत रहेको देखिन्छ । पालिकाले भूमि आयोग विघटन पछि समेत नियमित तलव भत्ता वापत चैत्र ८ गते पछिको रु. ६७४९०९ खर्च लेखेको छ । भूमि आयोग खारेज पछिको कर्मचारी तलव खर्च नियमित नदेखिएको रु.

अनियमित भएको	६,७४,९०९

८३ **औषधी खरिद** –

पालिकाकालाई आवश्यक पर्ने औषधीमध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष वाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय शसर्त बजेट उप शिर्षकबाट औषधी र उपकरण खरिद गरी २ फर्मलाई रु. २१७६३४९ (अस्पताल बाहेक) भुक्तानी दिएको छ। पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन । आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधीको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधी खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधी खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

उदाहरणको लागि ५ औषधीको परीक्षण गर्दा देहाय बमोजिम देखिएको छ ।

सि. नं.	औषधीको नाम	म्याद समाप्त हुने मिति	लोगो
१	Paracetamol 500 mg	Feb. 2026	Ins supply
२	Panicid 150 mg	April 2026	Not for sale
३	Nletnid 400 mg	July 2026	नभएको
४	Arcetrin 10 mg	Nov. 2026	Ins supply
५	Amoxi cillin 500 mg	Jan. 2026	नभएको

८४ **न्यानो झोला कार्यक्रम-**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका २ बर्थिङ सेन्टरमा गत वर्ष ६००० थानको रु. ३०९०००० र यस वर्ष ७५८७ थान को रु. ४२४३७८८.४५ खरिद गरेकोमा गत वर्ष ७१५२ जना र यस वर्ष ६४७६ जना गरी १३६२८ प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ४२०० थान न्यानो झोला मौज्दातमा रहेका छन् । साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

८५ **स्वास्थ्यतर्फका कर्मचारीको तलब भुक्तानी-**

नेपाल सरकारले स्वीकृत गरेको दरबन्दीमा पदपूर्ती भएका कर्मचारीहरुको लागि मात्र शर्शत अनुदानबाट तलबभत्ता भुक्तानी गर्नुपर्दछ। पालिकाले यस आर्थिक बर्षको अन्त्यसम्म स्वास्थ्य तर्फका ३१ कर्मचारीलाई तलब बापत रु. २,६६,६९,६८५ भुक्तानी गरेको छ। पालिकाले स्वीकृत दरबन्दी विवरण लेखापरीक्षणको क्रममा उपलब्ध गराएको छैन। दरबन्दी विवरण नहुँदा उल्लेखित ३१ कर्मचारीहरु दरबन्दी भित्रकै रहेको सुनिश्चित हुने अवस्था रहदैन। पालिकाले स्वीकृत दरबन्दी संख्या यकिन गरि दरबन्दी भित्रका कर्मचारीहरुलाई मात्र शर्शत अनुदानबाट तलबभत्ता भुक्तानी गर्नुपर्दछ।

८६ **छाता खरिदः** (२१४०-२०८१-२-१६):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३** को निर्णयले रू **५२,८८४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

८७ **विद्यार्थीलाई टाई बेल्ट वितरण-** (७१-२०८१-१-१०):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले ECD देखि कक्षा ५ सम्मका विद्यार्थीहरुको लागि टाई र बेल्ट खरिद बापत प्रति विद्यार्थी रु. २५० का दरले विद्यालयहरुलाई भुक्तानी दिएको छ। निम्नलिखित विद्यालयहरुले टाई र बेल्ट खरिद तथा वितरण गरेको विल भरपाई पालिकामा पेश गरेको छैन। उक्त खर्चको विल भरपाई सहितको प्रमाण पेश गर्नुपर्ने रु.

क्रसं	विद्यालय	विद्यार्थी संख्या	जम्मा रकम रु.
१	चुलाचुली आधारभुत विद्यालय	६१६	१५४०००
२	विद्योदय आवि	१२७	३१७५०
३	कृष्ण मावि	१३४	३३५००
४	जनचेतना आधारभुत विद्यालय	१२३	३०७५०
५	पशुपति संस्कृत मावि दमक ८	११३	२८२५०
६	पशुपति आधारभुत विद्यालय	११६	२९०००
७	सिंङ्ग देवि माद्यामिक विद्यालय	१८८	४७०००
८	महालक्ष्मी आधारभुत विद्यालय	८१	२०२५०
९	जनता प्राथामिक विद्यालय	६४	१६०००
१०	दिपिनी आधारभुत विद्यालय दमक ५	२४९	६२२५०
११	जनता आधारभुत विद्यालय दमक ८	३०३	७५७५०
१२	जन ज्योति प्रावि	१६५	४१२५०
१३	ताराबारी आधारभुत विद्यालय	१३७	३४२५०
१४	भृकुटी माद्यामिक विद्यालय	१७४	४३५००
१५	पाणिनी माध्यामिक विद्यालय	१९७	४९२५०
१६	ढुकुरपानी माध्यामिक विद्यालय	४१५	१०३७५०
१७	हिमालय नमूना माद्यामिक विद्यालय	६९९	१७४७५०
१८	सरस्वती माध्यमिक विद्यालय	३३५	८३७५०
१९	सरस्वती आधारभुत विद्यालय	२९६	७४०००
२०	पृथ्वी माध्यमिक विद्यालय	४७४	११८५००
२१	सगरमाथा आधारभुत विद्यालय	९४	२३५००
जम्मा			**१२७५००**

प्रमाण पेश नगरेको	१२,७५,०००

८८ **अवलोकन भ्रमण**- (५८-२०८०-११-२२):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। शिक्षकहरुको अवलोकन भ्रमण कार्य बापत नगर स्तरीय परीक्षा समितिलाई विल भरपाई बेगर रु. २००००० भुक्तानी गरेको छ। उक्त विल भरपाई बेगरको भुक्तानीको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	२,००,०००

८९ **अटिजम कक्षा सञ्चालन**-

अटिजम भएका व्यक्तिहरुलाई अध्यापन गराउन पालिकाले श्री सरस्वती माध्यामिक विद्यालयलाई यस आर्थिक बर्षमा रु. १६,५०,०००/- दिएको छ। विद्यालयको माग फारम अनुसार ३० जना अटिजम विद्यार्थी, ६ शिक्षक र एक कार्यलय सहायक रहेका छन् । पालिकाले विद्यार्थीहरुलाई अध्यापनका लागि आवश्यक पाठ्यक्रम तयारी, क्षमता विकासका लागि कृयाकलापहरुको विकास, शिक्षक नियुक्ति तथा सिकाईको मापदण्ड जस्ता विषयहरुको तयार गरेको छैन । विद्यालयको अनुगमन गरी निरन्तर सुधार गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ।

९० **बैठक भत्ताः**

गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ४(२)मा सभाद्धारा गठित विषयगत समितिको हकमा जतिसुकै पटक वैठक बसे पनि बैठकमा उपस्थित सदस्यले एक महिनामा एउटा बैठकको मात्र बैठक भत्ता पाउने व्यवस्था छ । पालिकाले विभिन्न समितिको वैठक भत्ता भुक्तानीमा देहायका पदाधिकारीलाई महिनामा १ पटक भन्दा बढी बैठक भत्ता भुक्तानी दिएको देखियो । नपाउने बढी बैठक भत्ता रु. ८५०.०० असुल गरी पालिकाको राजश्व खातामा दाखिला गर्नुपर्ने रु.

क्र.सं.	**पदाधिकारीको नाम**	**वैठक संख्या**	**भुक्तानी भएको बढी बैठक संख्या**	**बढी भुक्तानी रकम कर बाहेक**
नदीजन्य पदार्थ उत्खनन तथा व्यवस्थापन समिति २०७९ फागुन, चैत्र २०८० वैसाख र जेठ				
३	सदस्य श्री पारसमणि गौतम	१३	१	८५०.००

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२१** को निर्णयले रू **१२,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२१** को निर्णयले रू **९,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२१** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२१** को निर्णयले रू **१२,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२१** को निर्णयले रू **१२,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **१२,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	८५०

९१ **गैर सरकारी संस्था मार्फत खरिदः**

गैर सरकारी संस्था मार्फत खरिद- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष निम्नानुसारका गैर सरकारी संस्थाबाट विभिन्न कार्य गराई रु. १४६७६०० भुक्तानी गरेको छ । तर त्यस्ता संस्थाहरु मूल्य अभिवृद्धि करमा दर्ता नभएको, मौजुदा सूचीमा दर्ता नगरेको, राष्ट्रियस्तर/स्थानीयस्तरका दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरि प्रस्ताव माग नगरेको अवस्था छ। पालिकाले त्यस्ता संस्थाहरुसँग सोझै सम्झौता गरेको छ । आवश्यक प्रकृया तथा कागजात र खरिद बिधि वेगर सोझै सम्झौता गरी भूक्तानी गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

भौ.नं./मिति	**खरिद गरको सेवा/ कार्यक्रम**	**सेवा प्रदायकको नाम**	**भुक्तानी रकम रु**
८३।०८०।५।२७	लागु औषध विरुद्ध सचेतना तालिम कार्यक्रम	परिवर्तनका लागि चात्या सा पुस्तकालय	१०००००.००
८१।०८०।५।२७	सामुदायिक विद्यालयमा नाटक संचालन कार्यक्रम	कदम थियटर	५००००.००
७९।०८०।५।२६	वायो फ्लक विधिबाट माछा पालन तालिम सञ्चालन	सेतुमारी कृषि सहकारी संस्था	१५००००.००
१५४२।०८०।११।२७	महिला युवा लक्षित सिपमुलक तालिम सञ्चालन	सेतुमारी कृषि सहकारी संस्था	१२७०००.००
२२५५।०८०।५।२७	स्वास्थ्य जीवन शैली व्यवस्थापन तालिम कार्यक्रम	परिवर्तनका लागि चात्या सा पुस्तकालय	१०००००.००
२२५५।०८०।५।२७	टोल विकास संस्थालाई माइन्युट लेखन तालिम कार्यक्रम	कोशी दैनिक मिडिया नेटवर्क प्रा.लि.	८९०००.००
२२९०।०८०।५।२७	टोल विकास संस्थालाई माइन्युट लेखन र योजना सम्बन्धी तालिम कार्यक्रम	परिवर्तनका लागि चात्या सा पुस्तकालय	६५०००.००
२३१३।०८१।३।४	भान्साको फोहोर व्यवस्थापन तथा प्राङ्गरिक मल उतपादन तालिम	एकिकृत कृषि तथा पशुपालन फर्म	२५००००.००
२३४०।०८१।३।१०	लागु पदार्थ दुर्व्यसनी विरुद्ध चेतनामुलक कार्यक्रम	संगम स्पोर्टिङ्ग क्लव	१०००००.००
२४२७।०८१।३।१४	टोल विकास संस्थालाई माइन्युट लेखन र योजना सम्बन्धी तालिम कार्यक्रम (वडा नं. ८)	परिवर्तनका लागि चात्या सा पुस्तकालय	६००००.००
२४२८।०८१।३।१४	स्वास्थ्य भान्सा तालिम कार्यक्रम(वडा नं. ८)	परिवर्तनका लागि चात्या सा पुस्तकालय	६००००.००
२४३४।०८१।३।१४	उद्घोषण तालिम कार्यक्रम (वडा नं. ८)	परिवर्तनका लागि चात्या सा पुस्तकालय	६००००.००
५३२।०८०।६।१७	बोर्ड प्लेट लेखन कार्य	आर्ट भ्यू	२५६६००.००
जम्मा			१४६७६००

९२ विद्यालयलाई प्रति विद्यार्थी अनुदान-

९२.१ **विद्यालयलाई प्रति विद्यार्थी अनुदान-** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन गराई विद्यार्थी संख्या यकिन गरेर मात्र विद्यालयलाई प्रति विधार्थी अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा देहायका विद्यालयमा रु.६६,९७,०००/- निकासा गरेको छ । पालिकाले अनुदानको शिक्षा समिति गठन गरी अनुगमन गरेको देखिएन । अत: पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ ।

क्र.स.	विद्यालयको नाम	प्रति विद्यार्थी लागतमा आधारित अनुदान	विद्यार्थी संख्या
१	कृष्ण मा.वि	६१,३००.००	२८०
२	जनज्योती प्रा.वी	३६,४५०.००	१६५
३	जनचेतनाआधारभुत विद्यालय	३५,१००.००	१२३
४	जनताआधारभुत विद्यालय दमक -८	९२,३५०.००	३९२
५	जनताप्रा.वी.	१६,२५०.००	६४
६	तारावारीआधारभुत विद्यालय	४८,०००.००	१९३
७	दिपिनिआधारभुत विद्यालय दमक ५	८६,२००.००	४३८
८	पृथ्वीमाध्यमिक विद्यालय	१,९४,४००.००	९४३
९	भृकुटीमा.वी.	७७,३५०.००	३८२
१०	महालक्ष्मीआधारभुत विद्यालय	२९,४५०.००	१०९
११	विद्योदयआधारभुत विद्यालय दमक ४	४६,९५०.००	१८५
१२	श्रीचुलाचुली आधारभूत विद्यालय	२,२१,८००.००	९६७
१३	श्रीढुकुरपानी माध्यमिक विद्यालय	२,४६,१००.००	१०८८
१४	श्रीपशुपति आधारभूत विद्यालय	३८,१५०.००	१६२
१५	श्रीपशुपति संस्कृत मा.वी. दमक ८	५१,०००.००	२१४
१६	श्रीपाणिनि माध्यमिक विद्यालय	९१,९००.००	४३८
१७	श्रीसरस्वती आधारभुत विद्यालय	८४,२५०.००	३७३
१८	श्रीसरस्वती माध्यमिक विद्यालय	२,३९,६५०.००	१०६७
१९	श्रीहिमालय नमुना माद्यमिक वि.	८,०३,१००.००	३४७५
२०	सगरमाथाआधारभुत विद्यालय	२८,६५०.००	९४
२१	सिङ्गदेवी मा.वी	१३०४००	५३७
	जम्मा	२६५८८००.	११६८९
	प्राविधिक धार तर्फ		
१	श्री हिमालय नमुना माद्यमिक वि.	२२७३२००	
२	श्री सरस्वती माध्यमिक विद्यालय	१७६५०००	
	जम्मा	४०३८२००	
	कुल जम्मा	६६९७०००	

९२.२ **बढी निकासा-**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२१** को निर्णयले रू **२३,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

९३ **भूटानी शरणार्थीका विद्यार्थी अध्ययनरत विद्यालयका लागि अनुदान-** (१२६-२०८१-२-३):

कार्यक्रम कार्यन्वय पुस्तिका,२०८०।८१ को क्रियाकलाप नं.२.७.१३.३०० मा भूटानी शरणार्थीका सन्तान अध्ययनरत विद्यालयका लागि अनुदान दिने सम्वन्धी व्यवस्था गरिएको छ । यस क्रियाकलाप अर्न्तगत विनियोजन भएको वजेटवाट दमक नगरपालिका अर्न्तगत ढुकुरपानी माध्यमिक विद्यालय तथा चुलाचुली आधारभूत विद्यालयका लागि शिक्षक तलवको लागि यो वर्ष देहाय वमोजिम निकासा भएकोमा निम्न व्यहोरा देखियो ।

विद्यालयको नाम	शिक्षक संख्या	निकासा रकम
ढुकुरपानी माध्यमिक विद्यालय	१२	६०,४८,९२३.००
चुलाचुली आधारभूत विद्यालय	९	४०,५८,३५४.००
जम्मा	२१	१,०१,०७,२७७.००

• क्रियाकलाप नं.२.७.१३.३०० को वुँदा नं. (ग) मा विद्यालयमा अध्यायनरत भूटानी विद्यार्थीको तथ्यांक यकिन गरी नि:शुल्क पाठ्यक्रम अनुदान, छात्रवृत्ति,विद्यालय व्यवस्थापन लगायतका अन्य विद्यालयले पाए सरहका क्रियाकलापगत अनुदान सम्वन्धित शीर्षकवाट हिसाव गरी उपलब्ध गराउन सक्ने उल्लेख भएकोमा पालिकाले भुटानी शरणार्थी विद्यार्थीको छुट्टै अभिलेख राखेको छैन । अभिलेख नराखेका कारण उक्त शीर्षकमा कति खर्च भयो प्रष्ट हुन सकिएन ।

• विद्यालयलाई तथ्याङ्कीय विवरण IEMIS मा नियमित भर्न लगाउने तथा विद्यालय शिक्षण सिकाई क्रियाकलायको स्थानीय तहवाट नियमित अनुगमन गर्ने उल्लेख भएको सो गरेको देखिएन ।जसका भुटानी शरणार्थी विद्यार्थी संख्या एकीन हुन सकिएन ।

• तत्कालिन अवस्थामा भुटानी शरणार्थी विद्यार्थीको लागि छुट्टै विद्यालयमा सो विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको आधारमा शिक्षक दरवन्दी कायम गरिएकोमा हाल धेरै संख्यामा शरणार्थी पुनर्वासमा गएकोले विद्यार्थी संख्या एकीन गरी शिक्षक संख्याको दरवन्दी मिलान गर्नुपर्ने देखिन्छ ।

९४ **शिक्षक दरवन्दी र पदपूर्ति** –

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २१ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

क्र.स	विद्यालयकोनाम	शिक्षकको दरबन्दी	पदपुर्ति	पदपुर्ति मध्येकरार/राहत	विद्यार्थी संख्या २०८०
1	सगरमाथा आ. वि.	3	3	1	395
2	जनता प्रा. वि.	2	2	0	206
3	पशुपति आ. वि.	7	7	0	936
4	सिंहदेवी मा. वि.	15	15	1	1068
5	महालक्ष्मी आ. वि.	6	6	0	366
6	पाणिनी मा. वि.	17	17	2	2782
7	सरस्वती मा. वि.	28	28	3	131
8	पशुपति संस्कृत मा. वि.	12	12	3	169
9	जनता आ. वि.	9	9	2	64
10	पृथ्वी मा. वि.	21	21	2	419
11	दीपिनी आ. वि.	11	11	2	284
12	विद्योदय आ. वि.	9	9	3	109
13	कृष्ण मा. वि.	9	9	2	423
14	ताराबारी आ. वि.	9	9	4	162
15	जनचेतना आ. वि.	5	5	1	243
16	ढुकुरपानी मा. वि.	15	15	2	1016
17	चुलाचुली मा. वि.	7	7	2	100
18	जनज्योती आ. वि.	5	5	0	373
19	हिमालय मा. वि.	33	33	2	1114
20	सरस्वती आ. वि.	8	7	0	555
21	भृकुटी मा. वि.	10	10	3	198
जम्मा		241	240	35	11113

उल्लेखित २१ वटा विद्यालयहरुमा पालिका शिक्षा ऐन, २०७७ बमोजिम शिक्षक तथा विद्यार्थी अनुपातका आधारमा दरबन्दी मिलान हुनुपर्दछ।

९५ **प्रदेश शशर्त कार्यक्रम**- (४-२०८१-१-१६):

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२१** को निर्णयले रू **४१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

९६ **निःशुल्क शिक्षा-**

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकासदेखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

९७ **आन्तरिक स्रोतबाट शिक्षकको तलब भत्ता –**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई देहाय अनुसारका १४ विद्यालयहरुलाई शिक्षक व्यवस्थापन बापत रु. २१२०००० तलब भुक्तानी गरेको छ । शिक्षक दरबन्दी अनुसार तलव भुक्तानी भएपछि दरबन्दी बेगर आन्तरिक स्रोतबाट रु. २१ लाख २० हजार तलब भुक्तानी गरेको छ । विद्यार्थी शिक्षक अनुपातमा दरबन्दी मिलान गर्नुपर्दछ ।

क्र.स	विद्यालय	विद्यार्थी संख्या	शिक्षक संख्या	बजेट	स्रोत
१	भृकुटी मा.वि.	३६०	२	१,९५,००० १,००,०००	२ नगरपालिका (१ कम्प्युटर शिक्षक)
२	कृष्ण मा वि	२५२	२	१,००,००० १,५०,०००	१ नगरपालिका १ वडा
३	ताराबारी आ.वि	११७	२	७५,००० १,५०,०००	१ नगरपालिका १ वडा कार्यालय
४	जनता आ.वि दमक ८	३७४	१	७५,०००	नगरपालिका
५	महालक्ष्मी आ.वि. दमक ९	१०२	१	७५,०००	नगरपालिका
६	जनता प्रा.वि	५४	१	७५,०००	नगरपालिका
७	श्री सरस्वती आधारभुत विद्यालय	३३४	१	१,९५,०००	१ नगरपालिका(कम्प्युटर शिक्षक)
८	श्री पाणीनि माध्यमिक विध्यालय	३९६	१	१,९५,०००	१ नगरपालिका (क्मप्युटर शिक्षक)
९	दिपिनी आधारभुत विद्यालय दमक ५	३२८	१	१,९५,०००	१ नगरपालिका (कम्प्युटर शिक्षक)
१०	सिंङ्ग देवी मा. वि दमक १०	५३२	१	१,९५,०००	१ नगरपालिका (कम्प्युटर शिक्षक)
११	पृथ्वी माध्यमिक विध्यालय दमक ७	९१०	१	१,९५,०००	१ नगरपालिका (कम्प्युटर शिक्षक)
१२	जनचेतना आ.वि. दमक ४	१११	१	१५००००	वडा कार्यालय
१३	विद्योदय आ.वि दमक ४	१९२	१	१५००००	वडा कार्यालय
१४	पशुपती स.मा.वि दमक ८	२२९	१	१२००००	वडा कार्याल

९८ **बढि भुक्तानी**- (३७-२०८१-३-२०):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले हेल्पिङ्ग हेल्थ पोलिक्लिनिक प्रा.लि. लाई औषधी खरिद बापत विल बमोजिम रु. २१,७१,३४९ भुक्तानी गर्नुपर्नेमा रु. २१,७६,३४९ भुक्तानी गरेकाले बढि भुक्तानी गरेको छ। बढि भुक्तानी रु. ५००० हेल्पिङ्ग हेल्थ पोलिक्लिनिक प्रा.लि. बाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	५,०००

९९ **कार्यसम्पन्न प्रतिवेदन**- (४११-२०८०-१२-३०):

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **१,५६१,२९८**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

१०० **कार्य सम्पन्न प्रतिवेदन-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले सरस्वती मध्यमिक विद्यालयलाई शौचालय निर्माण कार्यको लागि कार्य सम्पन्न प्रतिवेदन बेगर रु. २००,५५६/- भुक्तानी गरको छ । उक्त भुक्तानीको प्राविधिक मूल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदनको प्रमाण पेश गर्नुपर्ने रु.

गो भौनं	**विद्यालय**	**रकम रु.**	**उद्देश्य**
७२, २०८११।१०	सरस्वती माध्यामिक विद्यालय	२००५५६	शौचालय निर्माण

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२१** को निर्णयले रू **६६३,५१८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	२,००,५५६

१०१ **खेलकुद कार्यक्रम-**

पालिकाको वजेट तथा कार्यक्रम अनुसार नगर खेलकुद विकास कार्यक्रम शीर्षकबाट रु. २०,००,०००/- देहाय बमोजिमको खेलकुद कार्यक्रममा खर्च विलको आधारमा भुक्तानी गरेको छ । पालिकाले खेलाडीहरु दर्ता गरी सूची तयार गरेको छैन। खेल तथा खेलाडीहरुको खेल सम्बन्धमा पालिकामा कुनै अभिलेख तयार गरेको छैन । मापदण्ड बेगरका यस्ता खर्चहरुमा नियन्त्रण हुनुपर्दछ। केही उदाहरणहरु:

गो भौ नं	भुक्तानी पाउने	कार्यक्रम	रकम
४, २०८०।६।१	प्रेम चन्द्र बास्तोला	भलिवल खेल	५६१४५
११, २०८०।६।२१	परिवर्तनका लागि चाया सा पुस्तकालय	फुटबल खेल	४५०००
१५, २०८०।६।२२	गोर्खा स्पोर्टिङ क्लब	फुटबल खेल	५००००
२०, २०८०।७।२१	तेज बहादुर धिमाल	भलिवल खेल	३००००
२२, २०८०।८।६	अमिस राई	फुटबल खेल	२५०००
२४, २०८०।८।१८	केशब थापा	मैत्रीपूर्ण फुटसल	२५०००
२६, २०८०।८।२०	रेजिना लिम्बु	भलिवल खेल	३०,०००
३५, २०८०।८।१७	सरोज सिंह	खेलकुद कार्यक्रम	२५०००
३८, २०८०।९।२६	चन्द्र बहादुर तामाङ्ग	खेलकुद कार्यक्रम	३००००
५५, २०८०।११।२०	इन्द्रणी युवा क्लब	खेलकुद कार्यक्रम	९९०००
६२, २०८०।११।२७	विपु अधिकारी	खेलकुद कार्यक्रम	५११४२
७४, २०८०।१।१०	**रोयल** स्पोर्टिङ्ग क्लब	खेलकुद कार्यक्रम	७५०००

१०२ **दिगो तथा सम्मानित रोजगारिका लागि सीप परियोजना (ENSSURE) -**

युवालाई सिपमुलक तालिम प्रदान गर्ने उद्देश्यले नेपाल सरकार र स्वीस सरकार बीच सम्झौता भई विभिन्न पेशा र क्षेत्रहरुमा २४ महिने अप्रेन्टिसिप तालिम कार्यक्रम र १० महिने कार्यगत अभ्यास सहितको तालिम (१६९६ घण्टा) कार्यक्रम अन्तर्गत दमक नगरपालिकाले

विभिन्न तालिम प्रदायक संस्थाहरुसँग सम्झौता गरी निम्न सीपमूलक कार्यक्रम सञ्चालन गरेको छ:

क्रसं	तालिम प्रदायकसंस्था	कार्यक्रम	प्रशिक्षार्थीसंख्या	सम्झौता रकम
१	पुष्प धिरेन्द्र स्मृती प्रतिष्ठान	Professional building electrician	२०	१४९९२००
		Professional plumber	२०	१४९९२००
		Professional aluminum fabricator	२०	१४९९२००
		Professionalcomputer hardware and network technician	२०	१८९७१००
२	Expert Technical	Professional Cook	२०	१९९२६६८
३	Tradelink Technical Training Institute ptv.ltd	Professionalcomputer hardware and network	२०	१६१७६२१
जम्मा			१२०	१०००४९८९

पालिकाले रु. १,००,०४,९८९ खर्चमा उल्लेखित तालिमहरु सञ्चालन गरी १२० व्यक्तिहरुलाई दक्ष बनाउने लक्ष्य राखेको भएपनि पालिकाले सञ्चालित कार्यक्रमहरुको नियमित अनुगमन गरेको छैन। तालिम कार्यक्रमको नियमित अनुगमन मार्फत मापदण्ड बमोजिम कार्यक्रम सञ्चालन भएको सुनिश्चित हुनुपर्दछ।

१०३ **प्रधानमन्त्री रोजगार कार्यक्रम** –

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १० वडामा २२ योजना सञ्चालन गरी यस वर्ष ११३ जनालाई औसत ५४ दिनले ६१४५ दिन रोजगारी उपलव्ध गराई रु. ४१०४८६० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

१०४ **सामाजिक सुरक्षा-**

१०४.१ **सामाजिक सुरक्षा-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले ९ वटा बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। लेखापरीक्षणको क्रममा पालिकाबाट प्राप्त विवरण अनुसार सामाजिक सुरक्षा भत्तामा निकासा भएको रकम रु. ३४९१०१४०९ रहेको देखिन्छ ।सामाजिक सुरक्षा भत्ता वितरण गर्दा कार्यविधिमा तोकिए बमोजिम अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

१०४.२ **सामाजिक सुरक्षा भत्ता वितरणको तुलना** - यस पालिकामा आर्थिक वर्ष २०७९।८० र आर्थिक वर्ष २०८०।८१ मा देहाय अनुसारका लाभग्राही रहेको देखियो: .

सि.नं.	लाभग्राही वर्ग	भत्ता दर	२०७९।८० मा रहेका लाभग्रहीको संख्या (चार त्रैमासिकको औसत संख्या)	२०८०।८१ मा रहेका लाभग्रहीको संख्या (चार त्रैमासिकको औसत संख्या)
१	ज्येष्ठ नागरिक ७० वर्ष माथि	४०००	५२४०	५५१७
२	ज्येष्ठ नागरिक दलित	२६६०	२६६	३१८
३	ज्येष्ठ नागरिक एकल महिला	२६६०	५०१	५१८
४	विधवा	२६६०	१०९८	११९३
५	पूर्ण अपाङ्ग	३९९०	१८९	२०२
६	अति अशक्त अपाङ्ग	२१२८	२७६	२८४
७	दलित बालवालिका	५३२	३३२	३५८
८	लोपोन्मुख	३९९०	७	७
जम्मा			७९०९	८३९७

पालिकामा सामाजिक सुरक्षा वापत आर्थिक वर्ष २०७९।८० मा रु. ३२७८६२२९० खर्च भएकोमा आ.व. २०८०।८१ मा रु. ३४९०४८०२५ खर्च भएको देखिन्छ । गत वर्षको तुलनामा यो वर्ष रु. २११८५७३५ बढी खर्च भएको छ ।

१०४.३ **मृत्यू पश्चातको भुक्तानी** - सामाजिक सुरक्षा वितरण कार्यविधि, २०७७ को दफा १५ अनुसार भत्ता खाईपाई आएको कुनै लाभग्राहीको मृत्यू भएमा मृत्यू भएको दिनसम्मको मात्र भत्ता निजको हकवालालाई भुक्तानी दिन सकिने व्यवस्था छ । पालिकाबाट देहायबमोजिमका व्यक्तिहरुलाई मृत्यू भए पश्चात समेत सामाजिक सुरक्षा भत्ता वितरण भएको देखिन्छ । उक्त वितरण भएको देहाय बमोजिमको भूक्तानी रु.74,931/- असुल गरी संघीय सञ्चित कोष दाखिला हुनुपर्ने रु.

क्र सं	लाभग्राहीको नाम थर	परिचयपत्र नं	वडा नं	बढि भूक्तानी भएको रकम
१	पूर्ण बहादुर दर्जी	२०१२०१०२००११४	१	६१२५
२	बाग प्रसाद राई	२००४०३०८००७७५	१	२३२३
३	पुण्य माया थापा	१९९४०४०११७०९८	२	५४१९
४	सावित्रा निरौला	१९८५०५११००३०४	४	३६००
५	केशब प्रसाद भण्डारी	२००३१२१७०००७९५	४	९६५५
६	वासीनी धिमाल	२००९१२०५०२५०४	४	९२४१
७	गोमा देबी दाहाल	१९९९१११८०००३५	४	३८७१
८	नर माया मिश्र	२०००११२२००४३९	४	११७४२
9	धन माया लावती	२०१००२१३०१११५२	५	५३७५
१0	हरि बहादुर भुजेल	२००३०३१६००८२३	६	२३२३
११	तुलसीराम तिम्सीना	१९९४०४०११९०९४	७	२५३३
१2	पातलि तामाङ	१९८४०३०१०००७१	७	२६२१
१3	कुल बहादुर गजमेर	२०२२०७१३००८३६	९	४७७०
१4	बाल कृष्ण रेग्मी	२०००११०९०१०३८	१०	५३३३
	जम्मा			74931

(..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१३** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	७४,९३१

१०४.४ **नागरिकता नम्बर एउटै भएका लाभग्राही -** नेपाल सरकारले जारी गर्ने नागरिकता परिचयपत्र नं. प्रत्येक व्यक्तिको फरक फरक हुने गरी जारी गर्दछ । प्रथम त्रैमासिकको सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण परीक्षण गर्दा निम्न व्यक्तिहरुको नागरिकता परिचयपत्र नं. दोहोरो परेको देखिन्छ । वडा कार्यालयहरुले प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण यकिन गरी लगत कट्टा गर्नुपर्ने र दोहोरो परेको भए सम्बन्धितबाट असुल गरी एम आई एस अध्यावधिक गर्नुपर्दछ ।

वडानं.	परिचपत्रनं.	लाभग्राहीकोनाम	नागरिकतानं.
8	2009102903738	Aiman Sing Lawati	1116
8	2022120900065	Ambika Budhathoki	1116
8	1993040116589	Indra Maya Parajuli	231122815
8	1987040106871	Indra Maya Timsina	231122815
9	2007020702109	Dal Bahadur Baniya Chetri	772
9	2006040106374	Tika Maya Dhamala	772
9	2019040101873	Digam Kumari Rai	487
9	2005110200679	Kopila Devi Khadka	487
9	2016112900307	Lal Bahadur Khatri	7631284
9	2025040102894	Lali Maya Bhandari	7631284
9	2011120202978	Phul Maya Dhimal	231110244
9	2011120202234	Phul Maya Dhimal	231110244
9	2041042100059	Shiva Maya Kunwar	403044677
9	2007021700112	Sunmet Lohar Turki	403044677
10	2019041300441	NARAYAN PRASAD SAPKOTA	761800001
10	2001011300593	CHANDRA PRASAD SAPKOTA	761800001
10	2020101800817	SHYAM DHIMAL	231141325
10	2003070100575	HARIHAR SUBEDI	231141325
10	2025111001371	KEWAI MAYA DHIMAL	403044
10	2001051100392	NARA MAYA ADHIKARI	403044
7	2006040202512	CHANDRA BAHADUR BASNET	286
7	2001020600462	RUPA NIRAULA	286
7	2055040100192	DAWA CHIRING TAMANG	286
7	2028040101197	HIMA DEVI BASNET	23114986
7	2001040117851	MENUKA UPADHAYA POUDEL	23114986
5	2032040100472	Muna Chaudhari	632
5	1992012000615	Bhakta Maya Dangal	632
5	2009010509361	Bhawani Prasad Ghimire	587
5	2005062800096	Bhima Devi Niroula	587
5	2029032000082	Rita Rai	69
5	1997040118263	Buddhi Maya Kumal	69
5	2000122500463	Indra Bahadur Pokhrel Magar	23116800
5	2000120200348	Manmaya Pokherl Magar	23116800
4	2016080401098	Ratna Maya Kami	179
4	2010071507401	Bhanu Bhakta Niroula	179
4	1992040113737	Bhima Damini	1020
4	1999040116537	Jaya Kala Adhikari	1020
4	1992040113802	Tika Ram Sitaula	41
4	2005040108573	Juddha Bir Sarki	41

4	2011040900974	Lila Maya Magar	1402
4	2017021702131	Laxmi Maya Darji	1402
4	2013042000597	Sher Bahadur Darji	61
4	2002011800038	Lila Devi Kafle	61
4	2023121400741	Lokmanjari Sunuwar	23111601
4	2009120105514	Man Maya Ghimire	23111601
4	1999021600228	Padam Bahadur Thapa	231113591
4	2002081600045	Mana Maya Thapa	231113591
4	2027040101348	Mina Dahal	23111646
4	2000040120378	Nar Maya Uprati	23111646
4	2019051005666	Phul Kumari Tamang	23113475
4	2022051503409	Phul Maya Tamang	23113475
4	2006123160025	Pawani Tegri Dhimal	23118765
4	1982040103861	Tulasa Maya Sitaula	23118765
3	2009021200265	Bhim Maya Bohara	598
3	2007022501137	Man Bahadur Karki	598
3	2014092300614	Al Kumari Niroula	598
3	2003040110514	Devi Maya Bhandari	23115812
3	2007021401396	Bhuwani Prasad Regmi	23115812
3	2064040100152	Saurab Dahal	575
3	2007040110655	Bimala Devi Ghimire	575
3	2011040104544	Phul Maya Bhattarai	325
3	2010020800089	Bir Bahadur Darji	325
3	2028060100327	Nandi Lal Dahal	2311
3	2013032600174	Kamala Kami	2311
3	2018121002703	Chaturman Bishwakarma	2311
3	2005050504189	Chhabilal Dahal	23113300
3	2000081000414	Tek Nath Chapagai	23113300
3	2004040400624	Januka Devi Adhikari	23115989
3	1991040111154	Ganga Devi Adhikari	23115989
3	2003021301082	Hasta Bahadur Tamang	716
3	2011101203714	Tulashi Maya Budathoki	716
3	2012021802916	Kamal Majhi	23111120
3	2043051400099	Ramesh Pandit	23111120
3	2000112000367	Kante Dhimal	23116253
3	2008082301442	Tank Prasad Dhimal	23116253
3	2021040101823	Neu Darni Dhimal	514
3	2014040103128	Phul Maya Limbu	514
2	2001040116614	Phul Maya Dhimal	2311274
2	2008050903658	Bhuwani Shankar Khanal	2311274

2	2014090600437	Nar Bahadur Darji	315
2	2004061900569	Janga Bahadur Sijali Magar	315
2	2000040118935	Krishna Kumari Bhandari	23113013
2	2005040107747	Padam Kumari Bhandari	23113013
2	2011041801403	Manamaya Acharya	23110613
2	1990040115447	Padam Kumari Shreatha	23110613
2	1996040115691	Lila Devi Gautam	23111076
2	1995040117699	Tulasi Ram Dangal	23111076
1	2026040101001	Kamala Darji	244
1	1999032900229	Khadka Prasad Ghimire	244
1	2008051600022	Purna Bahadur Basnet	2294
1	2004081502494	Khina Maya Bhandari	2294
1	2007061800622	Mukunda Sapkota	746
1	2000101900247	Padam Kumari Shreatha	746
1	2008011702603	Mangali Tamang	3272
1	2004090701152	Ram Bahadur Pokhrel	3272

१०४.५ थप सामाजिक सुरक्षा - पालिकाको वित्तीय प्रतिवेदन अनुसार यस वर्ष सामाजिक सुरक्षा बापत रु. ९५३०००० र अन्य सामाजिक सुरक्षा बापत रु. ८५८८०० समेत रु. १०३८८८०० खर्च लेखेको छ । पालिकाको आन्तरिक स्रोतबाट कार्यविधि नबनाई थप सामाजिक सुरक्षा ७० वर्ष माथिका जेष्ठ नागरिकहरूलाई मनमोहन चाडपर्व खर्च बापत रु. २००० का दरले भुक्तानी गरेको छ ।

१०५ **समीक्षा र सार्वजनिक सुनुवाई-**

सामाजिक सुरक्षा वितरण कार्यविधि, २०७७ को दफा ३१ र ३४ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित सभामा पेश गर्नुपर्ने र पालिकाले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने व्यवस्था भएकोमा कार्यविधि बमोजिम भएको देखिएन । साथै स्थानीय तह तथा वडा समितिले प्रचलित कानून बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धि विषय समेत समावेश गर्नुपर्ने व्यवस्था भएकोमा कार्यविधिको परिपालना भएको देखिएन ।

१०६ **दमक नगर अस्पताल**

१०६.१ कर्मचारी प्रोत्साहन भत्ता : दमक अस्पताल संचालन कार्यविधि, २०७८ परिच्छेद-३ को दफा १३ र १४ मा अस्पतालमा कार्यरत चिकित्सकहरुलाई बिशेषज्ञ चिकित्सकको हकमा खाईपाई आएको तलव स्केलको ७५ देखि २०० प्रतिशतसम्म र मेडिकल अधिकृतको हकमा ४० देखि ७० प्रतिशतसम्म थप गर्ने र कर्मचारीहरुलाई मनोवल उच्च राखी उत्प्रेरित गर्न प्रोत्साहन स्वरुप स्थायी कर्मचारीहरुको खाईपाई आएको तलवको ३५ देखि ५० प्रतिशत सम्म तथा अस्पताल व्यवस्थापन समितिको सेवा करारमा कार्यरत कर्मचारी हकमा २० देखि ४० प्रतिशतसम्म प्रोत्साहन भत्ता दिन सक्ने व्यवस्था छ । त्यस्तै दफा १५ मा सार्वजनिक विदा वाहेक आफ्नो व्यक्तिगत कारण देखाई महिनाको ४ दिन भन्दा वढी विदा वसेमा चार दिन भन्दा वढीको सुविधा उपलब्ध नगराउने र कार्यालयवाट ७ दिन भन्दा लामो कुनै पनि काज, तालिम,गोष्ठीमा खटाईएको हकमा ७ दिन भन्दा वढीको सुविधा उपलब्ध नहुने व्यवस्था छ । अस्पतालमा कार्यरत चिकित्सक तथा कर्मचारीहरुलाई प्रोत्साहन वापत रु. ४,४९,९९,९९९.२४ खर्च लेखेको छ । प्रोत्साहन भत्ता गणना गर्दा कर्मचारीको हाजिरी रेकर्डमा विदा र काज छुट्टिने गरी अभिलेख राखेको देखिएन । जसका कारण विदा लिएका कर्मचारीहरुले पाउने वास्तविक प्रोत्साहन दिएको यकिन गर्न सकिएन । हाजिरी रेकर्ड राख्दा विदा र काज छुट्टिने गरी अभिलेख राख्नु पर्दछ

१०६.२ औषधी खरिद: अस्पताललाई आवश्यक पर्ने औषधि मध्ये निशुल्क वितरण गरिने औषधी र विमावाट वितरण हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष वाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । अस्पतालमा प्राप्त हुने औषधी सफ्टेवेयरमा दाखिला गरी सोही अनुसार खर्च कट्टी गर्दै लाने गरेको देखियो ।यो वर्ष अस्पतालले रु.१०,१९,५१,४५७/- औषधी खरिद गरी भुक्तानी दिएको छ । अस्पतालले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन । औषधी खरिद गर्दा आवश्यकता पहिचान गरी खरिद हुनुपर्दछ ।

१०६.३ अस्पतालको कर्मचारी दरवन्दी: अस्पताल व्यावस्थापन समितिको मिति २०८०।५।२ को निर्णय वमोजिम अस्पतालमा विभिन्न पदका १२५ करार र २० जना ज्यालादारी समेत १४५ दरवन्दी कायम गरी सोही अनुसार खर्च लेखेको छ ।संघीय सर्शत अनुदानवाट तलव भत्ता खाने गरी चिकित्सक लगायत विभिन्न पदका समेत जम्मा २८ जना दरवन्दी रहेको समेत अस्पतालमा कार्यरत रहेको देखिन्छ । अस्पतालको स्वीकृत दरवन्दी र अस्पताल व्यावस्थापन समितिको निर्णय वमोजिम कार्यरत समेतलाई ध्यानमा राखी अस्पतालमा चिकित्सक तथा अन्य कर्मचारीको संगठन तथा व्यवस्थापन संरचना तयार गरी आवश्यकतालाई विश्लेषण गरी कायम गर्नु पर्दछ ।

१०६.४ अस्पतालको आम्दानी: दकम अस्पतालको यो वर्ष देहाय वमोजिम आम्दानी भएको प्राप्त विवरणवाट देखिन्छ । सो सम्वन्धमा देखिएका थप व्यहोरा निम्न छन्

क्र. स .	विवरण	रकम	कैफियत
१	वीमा वोर्डवाट प्राप्त	२१, २६ , २३ , ६५४ /-	८ पटक प्राप्त
२	काउन्टर	१५, ५ , ५९ , ७०२ /-	
३	फार्मेसी	३१, ९४ , ६६५ /-	
जम्मा		२३, १३ , ७८ , ०२१ /-	
गत वर्षको मौज्दात		१३, ५९ , ०९ , ६४८ /-	
कुल जम्मा		३६, ७२ , ८७ , ६६९ /-	

• प्राप्त आम्दानीको नेपालको सरकारी लेखा फारामहरु २०७६ अनुसार कार्यालयले राजश्व आम्दानीको शीर्षकगत खाता(म.ले.प.फा.नं. १०४),राजश्व आम्दानीको दैनिक गोश्वारा खाता (म.ले.प.फा.नं.१०४), राजश्व आम्दानी दैनिक नगद प्राप्त गोश्वरा खाता(म.ले.प.फा.नं.१०६), राजश्व आम्दानीको दैनिक वैंक भौचर प्राप्त गोश्वारा खाता (म.ले.प.फा.नं. १०७),लगायतका आम्दानीको स्रेस्ता खडा गरी आम्दानीको अभिलेख राख्नु पर्नेमा सो सम्वन्धि अभिलेख राखेको छैन । अस्पतालले सफ्ट्रवेयर प्रयोग गरी सोही सफ्ट्रवेयरमा मात्र अभिलेख राखेको छ । सेवाग्राहीवाट प्राप्त दैनिक सेवा शुल्क काउण्टरमा सफ्टवेयर मार्फत रकम असुल भएको रकम देखिन्छ। दैनिक रुपमा संलग्न गरेको गोश्वरा भौचर तयार गरी प्रमाणित गर्ने गरेको छैन । अस्पतालले असुल गरेको आम्दानीको व्यवस्थित अभिलेख नराखेको कारण आम्दानीको असुली भिडान गर्न नसकिनुका साथै अस्पतालको निर्णय अनुसार आम्दानीवाट कर्मचारीले पाउने प्रोत्साहन भत्ता र अस्पतालमा रहने रकमको अनुपात समेत यकिन हुन सकेन । अस्पतालमा शीर्षगत रुपमा प्राप्त हुनुपर्ने आम्दानी बैंकमा जम्मा भए नभएको सम्वन्धमा दैनिक, मासिक तथा वार्षिक रूपमा देखिने गरी तोकिएका म.ले.प.फारमहरु प्रयोग गरी कार्यालयमा प्राप्त आम्दानीको श्रेस्ता तयार हुनुपर्दछ ।

• यो आर्थिक वर्ष विभिन्न शीर्षकमा रु.२७,९०,२९,६४९/- खर्च भई रु. ८,८२,५९,२१३/- बैंक मौज्दात रहेको छ ।

• यो आर्थिक वर्ष वीमा वोर्डवाट रु.२१,२६,२३,६५४।– प्राप्त भएको छ ।वीमा वोर्डवाट अस्पताललाई २०८० माघ देखि २०८१

असारसम्म ६ महिनाको रु. १७,६०,१७,९४९/- सोधभर्ना आउन बाँकी रहेको देखिन्छ ।

१०६.५ अस्पतालको सेवा प्रवाह : अस्पतालमा यो वर्ष विभिन्न सेवाका लागि उपचारको लागि देहाय अनुसार सेवा लिन विरामी आएको देखियो । स्थलगत निरीक्षणको क्रममा अस्पतालमा आउनेलाई ७ काउण्टर मार्फत टिकट काटी सेवा प्रावह गरेको देखियो ।

क्र.सं.	विवरण	विरामी संख्या
१	X-Ray	४१९३४
२	USG	३३५६८
३	ECG	१८२४१
४	Laboratory	७६४७४
५	Echo	२२२६
६	Endos copy	२९७
७	IPD Admission	३२९७
जम्मा		१७६०३७

प्राप्त विवरण अनुसार अस्पतालमा सेवा लिने मध्ये भन्दा वढी Laboratory सेवा लिएको र सव भन्दा कम Endos copy जना २९७ ले सेवा लिएको देखियो ।

१०७ **आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोरा-**

१०७.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले देहाय वमोजिम आन्तरिक लेखापरीक्षणमा समावेश भएका वेरुजुहरु अन्तिम लेखापरिक्षणसम्म असुल फस्र्यौट गरेको देखिएन । उक्त वेरुजु लेखापरीक्षणको क्रममा यकिन गरी निम्नानुसार कायम गरिएको छ ।

आन्तरिक लेखापरीक्षणबाट औल्याइएका व्यहोराहरू

• नापी नियन्त्रण अभिलेख नराखेको ।

• विद्युत तथा खानेपानीको महसुलको भुक्तानी गर्दा हर्जना समेत बुझाएकोले समयमा नै महसुल भुक्तानी गर्नुपर्दछ वडाबाट खरिद गरिएका सामग्रीहरूको जिन्सी दाखिला गरी नियमानुसार खर्च गर्नुपर्दछ ।

• कतिपय वडाहरूको राजस्व रकम तोकिएको समयमा दाखिला नभएकोले समयमा नै दाखिला गर्नुपर्दछ।

अस्पताल तर्फ

• दमक अस्पतालको वार्षिक रुपमा जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार नगरेको ।

• विभिन्न समयमा खरिद आदेश बमोजिमका सामग्रीहरू विक्रेताबाट तोकिएको समयावधिमा उपलब्ध नभएको ।

१०७.२ (२५३-२०८१-२-२८):

श्री सर्जिकललाई विभिन्न सामानको खरिद आदेश दिएकोमा श्री फर्मा डिष्ट्रीब्युटरबाट कटन रोल ४५० ग्रामका २०० रोलको रु. ३२००० भुक्तानी भएको छ । एउटा फर्मका नाममा दिएको खरिद आदेशमा अर्को फर्मबाट सामग्री सप्लाई गरेको नियमित देखिएको रु.

अनियमित भएको	३२,०००

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : दमक नगरपालिका, झापा , दमक नगरपालिका , झापा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Damaru Prasad Niroula	२०७९-१२-१८	२०८०-४-१६
कार्यालय प्रमुख	गणेश राज कार्की	२०८०-४-२९	हाल सम्म कार्यरत
लेखा प्रमुख	देवी प्रसाद कोइराला	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
३,७३६,९८२.७	१४,६४८,६४६	३१,९९६,५२४	०	०	२८५,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	५०,६६७,१५२.७
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	१०,५५९,०२४.५
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	४०,१०८,१२८.२

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२३३६४५३५९.२९	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	८७४१६००००	चालु खर्च	६७०३३५८१५
प्रदेश सरकारबाट अनुदान	४३६८८०००	पूँजीगत खर्च	५४२२९८३५९
राजश्व बाँडफाँट	११९०९९४४७.०६	वित्तीय/अन्य व्यवस्था	३७९२१४१२५.५३
आन्तरिक आय	१७२६४५३२२		
अन्य आय	३६०७५९९६२		
कुल आय	१५७०३५२७३१.०६	कुल खर्च	१५९१८४८२९९.५३
बाँकी मौज्दात		२१२१४९७९०.८२	

अनुसूची - २

बेरूजु दफा ५९ सँग सम्बन्धित विवरण - अनुसूची - ३

ठेक्का नं.	निर्माण कार्य	निर्माण व्यवसायी	संझौता मिति	शुरु सम्झौता अनुसार सम्पन्न गर्नुपर्ने मिति	म्याद थप पछी सम्पन्न गर्नुपर्ने मिति	सम्झौता रकम	यो वर्षको भुक्तानी	यो वर्ष सम्मको भुक्तानी	भौतिक प्रगति प्रतिशत
DMO/JHAPA/BUILDING/30/077-78	दमक क्याम्पस भवन निर्माण, दमक ९	नमुना वीर जेभी	2/3/2078	3/30/2078	3/31/2082	89450867.1	१२६६१९३६.९६	7,83,31,251.82	९५
DMO/JHAPA/BUILDING/31/077-78	हिमालय मावि भवन निर्माण, दमक २	किराँतेश्वर कन्स्ट्रक्सन एण्ड ड्रिलिङ कम्पनी	2/27/2078	3/30/2078	3/31/2082	43615461.5	५८१४१७३		३०
DMO/JHAPA/BUILDING/32/077-78	ढुकुरपानी मा.वि. भवन निर्माण, दमक ३	किराँतेश्वर कन्स्ट्रक्सन एण्ड ड्रिलिङ कम्पनी	2/27/2078	3/30/2078	3/31/2082	५६६३४१०९.३७	३३४२७९९	१७०२७२१५.७६	३०

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा एकमुष्टमा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू प्रयोग गरेकोमा यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।